साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४४ अंक २८ २०८२ माघ २७ गते मंगलबार (Feb. 10, 2026) मूल्य रू. १०/-

## देउवाको शिर झुक्यो, झुकेपछि लुक्यो




भदौ २३ को जेनजी आन्दोलनले भदौ २४ गते हिंसात्मक र ज्वालामुखीको राप र तापको स्वरूप लिएपछि हातपातमा परेका शेरबहादुर देउवाको कांग्रेस सभापतिका रूपमा उठेको शिर झुक्यो, झुकेपछि लुक्यो । फागुन २१ गते चुनावमा पार्टी होम्मिएको छ, कांग्रेसी राजनीतिमा एकछत्र राज गरेका देउवा गुट कोही नयाँ सभापति गगनसँग मिलेर चुनावमा गएका छन्, धेरैजना राजनीतिलाई थन्क्याएर कोठामा सिमित छन् ।

कांग्रेसको कुनै सभामा देउवा देखिएनन्, कांग्रेसी उमेदवारलाई जिताउन आह्वान पनि गरेका छैनन् । देउवा निकट भन्छन्- 'उहाँको चुनावी सभा वा अन्य कुनै पनि कार्यक्रममा जाने तयारी छैन ।' पुस मसान्तमा सभापति खोसिएपछि देउवा सार्वजनिक छैनन् ।

## कांग्रेस, एमालेलाई ठक्कर बालेनसँग टक्कर




रास्वपाले भावी प्रधानमन्त्री बालेन साह भनेर घोषणा गर्दै झापा ५ मा चुनाव उठाएको छ ।

एमाले अध्यक्ष केपी ओली पाँचौपटक प्रधानमन्त्री बन्न निरन्तर चुनाव जितेको क्षेत्र झापा ५ मै चुनाव उठेका छन् ।

नेपाली कांग्रेसले पुस मसान्तमा विशेष अधिवेशनबाट सभापति बनेका गगन थापालाई सर्लाही ४ मा चुनाव उठाएको छ । चुनाव जितेपछि भावी प्रधानमन्त्री गगन थापा भनेर चुनाव प्रचार प्रसारमा तीब्रता दिएको छ ।

माओवादी अध्यक्ष प्रचण्ड १९ पार्टी मिलाउँदै नेकपा बनाएर संयोजकका रूपमा रूकुमबाट उमेदवार बनेका छन् । उनले राम्रो नतिजा ल्याउने दावी पनि गरेका छन् । राप्रपा, माटोवादी र अन्य दलहरू साख बचाउन चुनावमा देखिन्छन् । चुनावी विश्लेषकका अनुसार फागुन २१ को निर्वाचनमा मुख्य प्रतिस्पर्धा कांग्रेस, एमाले र रास्वपावीच नै हुनेछ । चुनावी लहर रास्वपाको पक्षमा देखिएको छ, संगठनको बल कांग्रेस र एमालेसँग छ । अब हेर्नुछ, निर्णायक आम जनता हुन्, तिनीहरूले पुरानै रोज्छन् कि परिवर्तन खोज्छन् ?

रास्वपाको बालने आकर्षण समाप्त पार्न एमाले र कांग्रेसले वालेनसँग सार्वजनिक चुनावी बहस गर्न प्रस्ताव गरिरहेका छन् । तर वालेन साह कम बोलेर रास्वपाप्रति देखिएको आकर्षणलाई रास्वपाको शक्ति बनाएरै चुनावमा जाने मनस्थितिमा देखिएका छन् । यद्यपि सभापति रवि लामिछानेले कांग्रेस, एमालेलाई चुनौति दिदै भनेका छन्- मिल जो जो मिल्नुछ मिले हुन्छ, पछि अवसर पाइने छैन ।

## कूलमान डेन्जर जोनमा फस्न पुगे

रास्वपामा प्रवेश गरिसकेका कुलमान घिसिङ रिसाएर फर्किए र उज्यालो नेपाल पार्टी खोल्दा घुँडामा बन्चरो सावित हुने लक्ष्यण देखिएको छ ।




रास्वपाले काठमाडौं ३ मै कुलमानको विरूद्ध बालेन साहका सहयोगी राजुनाथ पाण्डेलाई उठाएको छ । महानगरको नगरप्रहरी प्रमुख हुँदा निकै चर्चामा रहेका राजुनाथ पाण्डे, रास्वपाको चुनावी लहरकै कारण बढी चर्चामा छन् र उनले चुनाव जित्ने प्रक्षेपण हुनथालेको छ । जेनजी आन्दोलनपछि देशव्यापी रूपमा नेतृत्व परिवर्तनको हावा चलेको छ, यही हावाले राजुनाथ पाण्डेलाई सशक्त बनाएको छ । राजुनाथ सशक्त हुँदा कुलमान घिसिङ छायाँमा पर्ने देखिन्छ ।

कुलमान लोडसेडिङ अन्त गर्ने मान्छे भनेर चिनिन्छन् । कुलमान घिसिङ्को यही चिनारीले उनी चुनाव जित्नेमा र उनको नेतृत्वको उज्यालो नेपाल पार्टीले धेरै ठाउँमा चुनाव जित्ने, समानुपातिकमा पनि निकै सिट ल्याउने विश्वासमा छन् । तर जेनजी आन्दोलनपछि जेनजीकै सिफारिसमा मन्त्री बनेका कुलमानले मन्त्री त्यागेर चुनावमा हामफाल्नुलाई जिम्मेवारी बिर्सेर जेनजी सहिदको बलिदानीको अपमान गरेको, अवसरवादी भनेर पनि टिका टिप्पणी भइरहेको छ । राजुनाथ पाण्डेकै कारण कुलमानले चुनाव हारे भने आश्चर्य नमाने हुन्छ ।

## प्रचण्डलाई राहत, माधव महासंकटमा



गठबन्धन असफल भएपछि एमाले अध्यक्ष केपी ओलीको राजनीतिमा संकट आएको छ, ओलीलाई सत्तोसराप गरेर नथाक्ने माधवकुमार नेपाल महासंकटमा फस्न पुगेका छन् । प्रचण्डसँग हातेमालो गरेर नेकपाको सहसंयोजक बनेका माधवकुमार नेपाल रौतहटबाट उमेदवार भएका छन् । तर फागुन २१ को निर्वाचनमा एमाले अध्यक्ष ओलीको प्रस्तावलाई प्रचण्डले अस्वीकार गरेपछि गठबन्धनको सम्भावना लगभग समाप्त भएको छ । यहीकारण माधवकुमार नेपाल महासंकटमा फस्न पुगेका हुन् । यद्यपि प्रचण्ड भने रूकुमबाट जित्नसक्नेछन् ।

रास्वपाको लहरसँग सातो गएका एमाले अध्यक्ष केपी ओलीले प्रचण्डको घरैमा पुगेर कांग्रेस, एमाले र माओवादीवीच मुख्य मुख्य १५ चुनावी क्षेत्रमा गठबन्धन गरौं भन्ने प्रस्ताव राखेकोमा प्रचण्डले अस्वीकार गरेपछि चुनावी मैदान बढी रोचक बन्न पुगेको छ । अझै केही दिन बाँकी छ, गठबन्धनको सम्भावना छ, नभए प्रचण्डलाई भन्दा माधव र ओलीलाई गाह्रो पर्ने देखिन्छ ।


केपी ओलीले कांग्रेसका पूर्वसभापति देउवा मार्फत नेकपासँग गठबन्धन गर्ने प्रस्ताव गरेकोमा देउवाले चासो नराखेको र आफ्नो सभापतित्व खोस्ने गगन थापासँग चुनावका बारेमा कुरै गर्न नचाहेको बताइन्छ । सभापति गगन थापा चुनावी तालमेलको विपक्षमा छन् । कुनै पनि कांग्रेसीले रूखबाहेक अन्यत्र मतदान गर्न पर्दैन भन्ने उनले भन्दै आएका छन् । प्रचण्डले ओलीको स्वार्थअनुकूल झापा ५, दाङ २ जस्ता केही ठाउँमा गठबन्धन गर्दा घाटा हुने भनिसकेका छन् । गठबन्धन नहुँदा पतञ्जली जग्गा भ्रष्टाचारको मुद्दासमेत बोकेर चुनावमा होमिएका माधव नेपालको जित्ने चान्स धरापमा परेको बताइन्छन् ।

# रिम्पोछे काण्ड, चीन रिसायो












तिब्बती बौद्ध धर्मगुरू जोनाङ ग्याल्त्साब रिन्पोछे १० दिनका लागि नेपाल आएको, बौद्धमा प्रवचन दिएको, अन्य आपत्तिजनक कृयाकलापमा संलग्न भएको भन्दै राजनीतिक र कूटनीतिक बृत्तमा नेपालबाट चीनविरोधी गतिविधि बढेको भनेर तातेको छ । चिनियाँ दूतावासले कूटनीतिक जोल्ट दिएको छ । रिम्पोछेको नेपाल आगमनलाई लिएर चीन निकट र चीन अध्ययन केन्द्रले नेपालको एकचीन नीतिमाथि प्रहार भएको र नेपालमा थप राजनीतिक संकट घनिभूत हुनसक्ने भनेका छन् ।

डोल्पा समाजका अध्यक्ष टासी फोन्चो गुरूङको निम्तोमा दलाई लामाका विश्वासपात्र मानिने धर्मगुरू रिम्पोछे १८ माघमा सुरू हुने १० दिने प्रवचनमा सहभागी हुन माघ १५ गते नेपाल आएका थिए । उनलाई नेपाल सरकारले उच्च सुरक्षा र राजकीय सम्मान, सत्कार दिएको थियो । किन दियो ? चीन र चीनपक्षीहरूको प्रश्न यही हो । चीनको प्रतिनिधि नेपाल आयो र चिनियाँ दूतावासले पनि परराष्ट्र मन्त्रालयमा चासो राख्यो । तथापि नेपाल सरकारले चुप्पी तोडेको छैन । डोल्पा समाजले गुरूले प्रवचन दिनु सामान्य कुरा हो भन्दै प्रवचन सकिएपछि मात्र रिम्पोछे फर्कनुहुने जानकारी दिएको छ ।

विभिन्न पार्टीहरूका अनुसार धर्मगुरू रिम्पोछेको नेपाल भ्रमण अस्वभाविक हो । चीनसँग बिबाद बढाउन पश्चिमाको चाल हो भनेर टिप्पणी गरेका छन् । माओवादी प्रचण्डका सहयोगी झलनाथ खनाल र पूर्व माओवादी हालका एमाले नेता रामबहादुर थापाले 'संवेदनशील मामिला' भनेर कडा बिरोध प्रकट गरेका छन् । यो घटनाले राजनीतिक र नेपाल चीन सम्बन्धमा गम्भीर असर गर्ने बताएका छन् ।

चीनपक्षीय नेता, मिडियाहरूले लेखेका छन्- यो घटनाले चीन उत्तेजित भएको छ, चिनियाँ विद्वानले नेपालको नीतिको विरोधमा लेखेका छन्, नेपालले माफी माग्ने कि परिणाम भोग्न तैयार हुने भनेर चीनका राष्ट्रपतिको हवाला दिंदै नेपाललाई थर्काएको सुनिन्छ ।

१९७० मा जन्मेका जोनांग ग्याल्तसाव रिम्पोछेको असली नाम तुल्कु चोकी नाङ्पा रिम्पोछे हो, उनी १९९३ देखि भारतमा बस्ने गरेका छन् । उनी भारतको गान्देन गुम्बा विश्वविद्यालयबाट शिक्षित र दलाई लामाबाट दीक्षित गुरू हुन् । अहिले दलाई लामा बसेको धर्मशालास्थित कालचक्र केन्द्रमा प्रवचन दिन्छन्, यूरोप, अमेरिका, ताइवानमा प्रवचन दिन गइरहन्छन् र अहिले नेपाल आएका हुन् ।

गत भदौ २३, २४ को जेनजी आन्दोलनमा टीओवीको ज्याकेटधारी तिबेतियन देखिएका थिए । भदौ २७ गते सुशीला कार्की अन्तरिम प्रधानमन्त्री बनेपछि पहिलो र ऐतिहासिक बधाई भारतको धर्मशालाबाट दलाई लामाले पठाएका थिए । दलाई लामाका विश्वास पात्र गुरू प्रवचन दिने नाममा आएका हुन् । यसकारण रिम्पोछेको नेपाल भ्रमणले राजनीतिक र कूटनीतिक बृत्तमा हलचल ल्याएको छ ।

नेपाल सरकारले माघ १ गते मन्त्रिस्तरीय निर्णयमार्फत बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिको अध्यक्ष पदमा समिति गठन आदेश २०७५ विपरित बोन धर्मका गेशे निमा कुन्क्याप रोकाय उर्फ (Khenpo Nyima Kunkhyabo) लाई नियुक्त गरेपछि चीनपक्ष सशंकित नेपाल बौद्ध महासंघले बिरोध जनायो र केही दिनमै यिनैलाई स्वीकार गर्ने सहमति हुनलागेको प्रकरणमा लेनदेनको कुरा चुहियो । बौद्ध महासंघको नैतिक हैसियत, विश्वसनीयता विपरितको यो घटनाले बौद्ध समुदाय स्तब्ध भएको सुनिन्छ । अहिले बौद्ध समुदायमा दलाई लामासँगै उच्च धार्मिक अध्ययन गरेका डोल्पाका खेन्पो कुन्ख्याप ५ करोड खर्च गरेर पदासीन भएको चर्चा व्यापक छ । कुन्ख्यापमाथि तिब्बतबाट भगाएर ल्याइएका तिब्बतीलाई धर्मशालासम्म पुर्याउने, मानवअधिकार लगायतका कभरमा डोल्पाबाट चीनको तिब्बतको सिमावर्ती क्षेत्रमा जासुसी गर्न जानेलाई बन्दोबस्त मिलाउने, बाटो देखाउने र पश्चिमासँग गठजोडमा सक्रिय रहेको थप आरोप पनि लाग्ने गरेको छ । tibettimes.net मा जनवरी १५ मा यो समाचारले प्रमुखता पाएपछि यो नियुक्त अन्तर्राष्ट्रियकरण भइसकेको छ ।

एकचीन नीति र तिब्बतको विषय चीनका लागि प्रमुख सुरक्षाचासो हो भने नेपालका लागि सन्तुलन राख्नैपर्ने महत्व पनि हो । तिब्बती शरणार्थी समस्या, धार्मिक आस्था र संस्थाका निर्णयहरूले चीनलाई अप्ठेरोमा पार्ने खालको भएपछि अन्तरिम सरकार चीनविरोधी कृयाकलापमा लागेको देखिन्छ । नेपाल सरकारका निर्णयमा पश्चिमाको प्रभाव देखिनु र नेपाल चीन सम्बन्ध धुमिल पार्न खोज्ने विदेशीको स्वार्थ पूरा होला, नेपाललाई कूटनीतिक र अन्य सम्बन्ध कमजोर बाहेक केही हुनेछैन ।

नेपाल असंलग्न, पञ्चशीलमा आधारित सन्तुलित विदेशनीति अपनाउने राष्ट्र हो । यस प्रकारका नीतिनिर्णयले नेपालको द्वैधचरित्र र विश्वसनीयतामा प्रहार गरेको छ । उत्तरतिर चीन र दक्षिणतिर भारतवीचको भूराजनीतिको संवेदनशीलतामा चुक हुनु भनेको चुकचुकाउनु पर्ने स्थितिको कारण बन्नपुगेको छ । नेपाल सरकारबाह्यशक्तिको लहैलहैमा यसैगरी गर्नु भनेको चौतर्फी संकट निम्त्याउनु हो ।

आवरणमा तिब्बती बौद्ध गुरू जोनाङ ग्याल्त्साब रिन्पोछेको काठमाडौं, चितवनमा आध्यात्मिक कार्यक्रम गरिएको छ । विश्व शान्ति पूजामा र विभिन्न गुम्बामा २२औं विश्व शान्ति पूजा तथा साङ्गे मेलाको वाङ (अभिषेक) मा सहभागी हुनेछन् । उनी भारतको हिमाचल प्रदेशस्थित पालपुङ लुङ्गिग जाम्पाल लिङ उच्च तिब्बती बौद्ध विद्यालयका प्रमुख हुन् । आज फेब्रुअरी १० मा कोपन ननरी गुम्बामा क्याब्जे खेन रिन्पोछे गेशे थुप्तेन छोएनीबाट तारा दीक्षा प्रदान गरिनेछ । शुभ चमत्कार महिना ( छोत्रुल दावा) को अवसरमा पाल थुब्तेन शेद्रुब लिंग मठमा कांग्युर डाक्ड्रोक पठन र १० करोड शाक्यमुनि मन्त्र संचय (मुनी डंग ड्रुब) कार्यक्रम भइरहेको छ । तर भित्र दलाई लामाको चीनविरोधी गतिविधि के के भइरहेको छ, यसबारे धेरैले रहस्यमय भनिरहेको सुनिन्छ ।

***(नोट : १४ औं दलाई लामाको उत्तराधिकारी छनोटको विषय पेचिलो बन्दै गएको छ । सन् १९५९ मा चीनले तिब्बतलाई पूर्ण नियन्त्रणमा लिएपछि २४ वर्षीय तिब्बती बौद्ध धार्मिक नेता दलाई लामा भागेर भारत पुगेका थिए, भारतमै छन् । उनले भारतबाटै निर्वासित सरकार चलाएका छन् । गुरिल्ला युद्धबाट तिब्बतमा दलाई लामाको सत्ता स्थापना हुनसकेन । डेढलाख तिब्बती शरणार्थीहरूका साथ दलाई लामा फ्रि तिब्बतको विद्रोहमा छन् ।) -१***

## ओली बा भन्नेहरू कहाँ छन् ?

भदौ २३ र २४ गते जेनजी आन्दोलन भएपछि आइ लभ यू केपी बा भन्नेहरू कता हराए हराए । भदौ २७ गते अन्तरिम सरकार बन्यो, फागुन २१ को निर्वाचनको तिथि तोकियो, उमेदवारी दिने म्यादमा निर्वाचन आयोगमा देखिएका केपी ओली, भर्खर चुनाव प्रचार गर्न पार्टीका नेशनल भोलेन्टियर फोर्ससहित देखा पर्न थालेका छन् । उनले निकटेमार्फत बालेन साहलाई बहस गर्न चुनौती दिने काम पनि गरे ।

बोल्दै नबोली बालेन साहले चुनावी लहर ल्याइसके । ओलीको निर्वाचन क्षेत्र नै बालेनमय भइसकेपछि केपी बा, ओली बा भन्नेहरूको खोजी सुरू भएको छ ।

## इरान समर्थक ट्रम्पको राडारमा



ह्वाइट हाउसको नयाँ कार्यकारी आदेशले "इरानसँग सम्बन्धित वर्तमान राष्ट्रिय सङ्कटकाल" बिस्तार गर्दै इरानसँग व्यापार गर्ने देशहरू अमेरिकाको खतरानाक राडारमा परेका छन् । राष्ट्रपति ट्रम्पले कागजात नभएका, कानुन तोड्ने रेकर्ड भएका, ग्रिनकार्ड पाएका वा नपाएका धेरै देशका नागरिक डिपोर्ट गर्दै आएका छन् भने ट्रम्पको नयाँ ट्यारिफ आदेशले इरानसँग व्यापार गर्ने देशहरूमाथि थप ट्यारिफ लाग्ने खतरा बढाएको छ ।


राष्ट्रपतिको कार्यकारी आदेशअनुसार इरानबाट कुनै पनि वस्तु वा सेवा खरिद गर्ने, आयात गर्ने वा अन्य कुनै माध्यमबाट प्राप्त गर्ने देशहरू अमेरिकी ट्यारिफको दायरामा पर्नेछन् ।

राष्ट्रपति ट्रम्पले इरानसँग "परमाणु हतियार हुनै नहुने" दोहोऱ्याएका छन् । यस विषयमा ओमान वार्ताले निष्कर्ष निकाल्न सकेन । अमेरिकाले इरानमाथि परमाणु क्षमता हासिल गर्ने प्रयास, आतङ्कवादको समर्थन, ब्यालेस्टिक क्षेप्यास्त्र विकास र मध्यपूर्वमा अस्थिरता फैलाएको र मानवअधिकार उल्लङ्घन, इन्टरनेट बन्द र विरोध प्रदर्शनमाथिको दमनले इरानमाथि अन्तर्राष्ट्रिय दबाब झन् चुलिएको छ । अमेरिकी सुरक्षा, सहयोगी राष्ट्र र हितमा खतरा भएको भनेको छ । अमेरिकाले इरानलाई सुरक्षाघेरामा राखेको महिनौं भइसक्यो, विश्वयुद्ध छेडिने हो कि भन्ने भय विश्वभरि फैलिदा विश्व त्रसित स्थितिमा छ ।

इरानले भने आफ्नो परमाणु कार्यक्रम शान्तिपूर्ण रहेको अडान लिंदा अमेरिका र इरानबीच तनाव बढेको छ, यो तनाव कसरी सहमति र शान्तिमा टुङ्ग्याउने भन्ने विश्वशक्तिहरूको शिरदर्दको विषय बनेको छ ।

अमेरिकाको नयाँ ट्यारिफ आदेश, इरानविरूद्धको नाकावन्दीले अनेकार्थ लगाएका छन्, यो विश्व व्यापार र कूटनीतिक सन्तुलनले यू टर्न लिनसक्ने निश्चित छ ।

# काकाको कुरा सुनेर भोट माग्न आउने ट्वाँ



बैकुण्ठ भण्डारी
bhandaribai@gmail.com

चुनाव लाग्यो, चुनाव जित्न भोट माग्न जानेको लर्को गाउँघर, सहरबजार, भीरपाखातिर पनि देखिन्छ। घरमुनीको कान्लेको उकालोबाट एक हुल मानिसहरू माथितिर उक्लँदै छन्। कसैले नेपालको झण्डा बोकेका छन्। कसैले कुन्नि केको झण्डा बोकेर अगाडि बढिरहेका छन्। वर्षौं भइसकेको थियो कान्लेको उकालोबाट यति धेरै मानिसहरूको भीड हिँड्न छाडेको ! नदेखिएको।

त्यो टार हुँदै ज्यामिरेको खोल्साबाट डाँडाघरसम्म मोटरबाटो बनेकै ३० वर्ष नाघिसकेको छ। त्यसैले पनि कान्लेको ठाडो बाटो उही खेतमा भारी बोकेर आउ जाउ गर्नेहरू मात्र सिजनमा देखिन्छन्। त्यसमाथि डोलदेखि फाँटसम्म सबै जग्गा कारोबारीले प्लटिङ गरिसके। जग्गा हेर्न, किन्न आउनेमात्र देखिन्छन्।

खेती गर्ने कसले ? पहिले-पहिले पो सबै खेती गर्थे। गोठमा गाईभैँसी हुन्थ्यो। बूढापाका गोठाला जान्थे। केटाकेटी पनि बाख्रा चराउन पुग्थे। समयले कोल्टे यसरी फेर्‍यो कि, समय बदलियो। अर्गानिक केही पनि बाँकी छैन। गाउँका रैथाने चीजमात्र हराएन। गएको ३० वर्षका गाउँ नै हराएको जस्तो देखिएको छ। विद्यालयबाट विद्यार्थीहरू हराए। युवाहरू पूरै खाली भए। बूढा बा, आमाले गाउँको सुरक्षा गरेको जस्तो देखिन्छ। बाआमाको सुरक्षा गर्नुपर्ने बेलामा बाआमाले गाउँको सुरक्षा दिनुपरेको छ। भुराभुरी खेल्छन्, रून्छन्, युवा भन्ने गाउँमा छैनन्। कि त विदेशीए, कि त विदेश जान सहर छिरेका छन्। रोजगारीका लागि सायद फेरि लाहुर पसेकाहरूलाई फागुन १५ देखि महाकुम्भ सुरू हुन्छ होला ? रात्रिबसबाट सहर पसेकाहरू फेरि आउँछन्। केही दिन थापाकाजीको पसलमा चहलपहल पनि होला ? बरू विचरा खानेकुरा पो कसरी पुर्‍याउँछन् होला ?

भोट माग्ने मौसममा अक्सर नेता र तिनका आउरेबाउरेहरू घर घर छिर्छन्। चुनावका दशौं थरीका मानिसहरू गाउँ छिरेका छन्। घरदैलो गर्दै उम्मेदवारले खुट्टै समाउन थालेका छन्। अहिले चुनाउका लागि खुट्टा समाउनेहरू भोलि जितेर गएपछि बोली पनि फर्काउँदैनन्। ३६ सालको जनमत संग्रहदेखि ७९ सालसम्मको पटक पटकको चुनाउमा भोट खसालेका चन्द्रबहादुर काका यसपालि चुनाउमा भोट खसाल्दिन भन्दै छन्। रिसाएको देखाउँदैछन्।

तुलसाको मठ छेउको डिलमा बसेका चन्द्रबहादुर काकालाई भोट माग्न आउनेहरूले सोध्दैछन्, 'अनि काका, अब त चुनाउ पनि आयो, भोट के मा त ?' 'मेरो भोट मेरो मर्जी ! जे सुकैमा हालौं तिमीलाई किन भन्ने हो ?,' काका अलि रिसाएर जवाफ फर्काए। भोट माग्नेहरूले थाहा पाइसके कि चन्द्रबहादुर काका रिसाए। भोट माग्न गएका हुन्, किन रिसाउँथे र ! रिसाउनै परे चुनाउ जितेर गएपछि रिसाउँलान्। पारिघरे बालकृष्णले सोधे, 'त्यसो होइन नि काका, आफ्नो काका भएर पो सोधेको नि भोट केमा हाल्ने भनेर,' उसले मनाउने, फकाउने पारामा भन्यो। जंगिएका काकाले फेरि दोहोर्‍याए, 'मैले भने त मेरो भोट मेरो मर्जी, जे सुकैमा हालौं तिमीहरूलाई केको खसखस ? जाओ तिमरू।' बालकृष्णले फेरि प्रयत्न गरे, 'जानी काका, कत्ति भो काकाकोमा नआएको। यही चुनाउको मौकामा काकाको घर आइया छ, काकासँग दुई-चार कुरा गरेर जाउँ भनेर नि !' उसले काकाको मन पगाल्ने प्रयास गरिनै रह्‍यो। काकालाई फकाइरह्‍यो।

काका फेरि जंगीए- 'भयो-भयो। कोही आएर केही पनि हुन्न। तिमरू आए पनि के नआए पनि के ! उही चुनाउमा आउने, भोट हाल्न लगाउने, अनि जितेपछि फर्केर पनि नआउने ! तिमीहरू जस्तालाई किन हाल्नु भोट ?' चन्द्रबहादुर काकाले भोट हाल्न नजाने संकेत गरेपछि बालकृष्णले सम्झाउने प्रयास गर्दै भने, 'त्यस्तो होइन नि काका। मत भनेको आफ्नो अधिकार हो। अधिकारको प्रयोग गर्नुपर्छ।

'के को अधिकार, अधिकार न सधिकार' भोट हालेर अधिकार पाउने भए मैले अहिलेसम्म यस्तो अन्याय खेपेर बस्नु पर्दथ्यो र ? यो सब तिमरूका नेताहरूलाई गरिखाने भाँडो भयो। मुसा बनेर सिंहदरबार छिर्ने हात्ती मोटाएजसरी मोटाउने।

'बुझकी काकाजत्तिको मान्छेले पनि भोट नहाल्ने भनेर हुन्छ ? ल भन्नुस् त,' सँगै रहेका दिवाकरले भने।'हुन्छ नि ? किन हुँदैन। सिंहदबार जलाउन उक्साउने, सिंहदबार जलाउने, भ्रष्टाचार गर्ने र गराउने। ३०औं वर्षसम्म देशलाई कंगाल बनाउने तिमीहरू। अनि तिमीहरूकै सिको गरेर नयाँ बोटलमा पुरानो रक्सी भनेजस्तै गरी ठाउँ-ठाउँ चाहर्दै हिँड्नेहरूलाई किन दिने भोट ? भोट माग्न आउनेहरूले त देशलाई सफल बनाउने योजना देखाऊ। देशबाट विदेश पलाउन भएका युवाहरूलाई गाउँ फर्काऊ। चोरै चोरका अनुहार परेकालाई किन दिने भोट ?'

दिवाकरले फेरि थप्यो, 'अब चोरलाई नदिने काका !' 'कसलाई दिने त ? सञ्जनले टिकटै पाएको छैन। पुरानादेखि नयाँसम्मले चोरै चोरलाई पठाएपछि किन दिने ? सुन चोर पनि चोर, लसुन चोर्ने पनि चोर। त्यही भएर म भोट दिन्न,' काकाले अडान लिए, 'नयाँ पनि चोर, पुराना पनि चोर। कोही देश बेच्ने चोर, कोही देश जलाउने चोर। जनताको कुरा सुन्ने को छ र ?'

दिवाकरले सम्झाउने प्रयास गरिरहँदा काका अझ आक्रोशित बन्दै थिए। तर पनि मत माग्न गएका हुन्। मन पगाल्ने प्रयास त किन नगर्नु ? बालकृष्णले फेरि भने, 'ल काका तपाईं देशमा प्रजातन्त्र ल्याउनका लागि त्यत्रो त्याग गरेको, खटिनुभएको मान्छे अनि भोट दिन्न भनेर हुन्छ त ?'

काका केही मत्थर भएको देखियो। 'हो, कुरो त तिमीले मनासिबै गरेउ बालकृष्ण, तर प्रजातन्त्र ल्याउनका लागि लडेको म। विचार गर त, किन भोट हाल्दिनँ भनेर भनिरको छु ?,' काकाले उल्टै सम्झाउन थाले, 'प्रजातन्त्र ल्याएको यही भ्रष्टाचार गर्न, बेथिति बनाउन, विदेशीले देश रणभूमि बनाउन हो ? अनि नेताका गुलाम बनेर हस्प्रसाद बन्न हो ? होइन बाबु होइन। स्वतन्त्रताका लागि हामीले ऊ बेला जेलनेल भोगेका हौं।' खुशी हुँदै बालकृष्णले थपे, 'त्यही भएर त भनेको नि काका, एक जुगमा एक दिन एक पटक आउँछ भनेर।' 'ल भैगो, ३६ सालको गीत गाएर ८२ सालसम्म भोट माग्ने काम नगर। म भोट दिन जाने होइन। मलाई कोही पनि मन परेन, 'म भोट दिन्न' 'नो भोट' भन्ने चिनोमा छाप हान्न पाएमात्र जाने हो। चोरलाई चुनाव जिताउने मत दिन जाने ? जान्न।'

'सरकारी पदमा बसेर लुट्नेलाई नेता बनाउने ? सुरक्षा निकायमा बसेर देश जोगाउन नसक्नेलाई नेता बनाउने ? स्वास्नी, छोरा, फरिया साइनोमात्र चाहिनेलाई नेता बनाउने ? देशका लागि भन्दा विदेशीका लागि काम गर्नेलाई नेता मान्नुपर्ने ? भयो बाबु भयो, तिमी आफ्नो बाटो लाग, म भोट दिन्न। बरू गएर तिम्रा नेताहरूलाई भन, मतपत्रमै 'म भोट दिन्न'मा छाप लगाउने व्यवस्था गर। त्यत्ति भए म मतदान केन्द्रसम्म पुगेर भए पनि त्यही म भोट दिन्नमा भोट दिएर आउँछु। जाऊ, भोट माग्नका लागि भनेर तिमी मेरो दैलोमा फर्केर पनि नआऊ। म भोट दिन्न। चन्द्रबहादुर काकाको कुरा सुनेर भोट माग्न आउने हेरेको हेर्‍यै ! ट्वाँ परे।

# निर्वाचनमा साझा सहमतिका सम्भावनाहरू

*'गणतान्त्रिक नेपालमा राजनीति, राष्ट्रियता र लोकतान्त्रिक स्थायित्व'*

*- प्रेमचन्द्र झा*

नेपालले गणतन्त्र स्थापना गरेपछि प्रवेश गरेको राजनीतिक युग ऐतिहासिक उपलब्धि भए पनि अपेक्षित स्थिरता, सुशासन र विकास अझै संस्थागत हुन सकेको छैन। राजतन्त्रको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना जनताको लामो संघर्षको परिणाम थियो, तर शासन प्रणाली परिवर्तन हुनु मात्र पर्याप्त रहेन, राजनीतिक संस्कार, राज्य सञ्चालनको शैली र राष्ट्रिय सोच पनि परिवर्तन हुनुपर्ने आवश्यकता थियो। आज नेपाल पुनः निर्वाचनको प्रक्रियामा छ, जहाँ हरेक चुनावले नयाँ आशा जन्माएजस्तै पुराना निराशा पनि दोहोर्‍याइरहेको देखिन्छ। गणतन्त्रको डेढ दशक बितिसक्दा पनि स्थिर सरकार, बलियो लोकतन्त्र, दिगो शान्ति र जनमुखी विकास किन स्थापित हुन सकेन भन्ने प्रश्न जनसाधारणको मनमा गहिरिँदै गएको छ।

वर्तमान राजनीतिक परिवेश हेर्दा गणतन्त्रले संवैधानिक रूपमा नागरिक अधिकार, समावेशी प्रतिनिधित्व र संघीय संरचनाको व्यवस्था त गर्‍यो, तर त्यसको प्रभावकारी कार्यान्वयन कमजोर रह्‍यो। राजनीतिक दलहरू लोकतन्त्रको मुख्य वाहक हुनुपर्नेमा सत्ता प्राप्ति र सत्ता जोगाउने प्रतिस्पर्धामा सीमित हुँदा जनविश्वास क्षीण हुँदै गयो। बारम्बार सरकार परिवर्तन, अस्थिर गठबन्धन, नीति निरन्तरताको अभाव र दलगत स्वार्थ केन्द्रित निर्णय प्रक्रियाले लोकतन्त्रको आत्मालाई कमजोर बनाएको छ। यसै कारण गणतन्त्रप्रति नै प्रश्न उठ्ने अवस्था सिर्जना भएको छ, जबकि समस्या शासन प्रणालीमा होइन, त्यसलाई सञ्चालन गर्ने राजनीतिक आचरणमा छ।

वर्तमान निर्वाचन केवल नयाँ सरकार चयन गर्ने प्रक्रिया मात्र होइन, लोकतन्त्रप्रतिको जनविश्वास पुनःस्थापित गर्ने अवसर पनि हो। तर व्यवहारमा निर्वाचन नीति र विचारको प्रतिस्पर्धाभन्दा व्यक्तित्व, जातीय भाव, भावनात्मक नारा र अल्पकालीन प्रलोभनमा केन्द्रित हुँदै गएको देखिन्छ। अधिकांश राजनीतिक दलहरूले सुशासन, विकास, रोजगारी र भ्रष्टाचार नियन्त्रणका कुरा उठाए पनि विगतको अभ्यासले ती प्रतिबद्धतामाथि प्रश्न खडा गरिसकेको छ। जनताले आज नाराभन्दा विश्वसनीयता खोजिरहेका छन्, भाषणभन्दा कार्यान्वयनको क्षमता खोजिरहेका छन्। यही बिन्दुमा वर्तमान निर्वाचनको वास्तविक अर्थ लुकेको छ।

राजनीतिक दलहरूले उठाइरहेका एजेन्डा हेर्दा धेरैजसो समान देखिन्छन्, तर ती एजेन्डाको आत्मा कमजोर छ। भ्रष्टाचार नियन्त्रण भन्नु सजिलो छ, तर दलभित्रको अपारदर्शिता, आन्तरिक अलोकतन्त्र र शक्ति केन्द्रित नेतृत्व सुधार नगरी भ्रष्टाचार विरूद्धको लडाइँ विश्वसनीय हुँदैन। आर्थिक विकासको कुरा गर्दा राष्ट्रिय उत्पादन, कृषि, उद्योग र श्रमको सम्मानभन्दा पनि वैदेशिक निर्भरता बढ्दो छ। रोजगारी सिर्जनाको नारा लगाइए पनि युवा पलायन रोक्ने ठोस नीति अझै स्पष्ट छैन। अझ गम्भीर कुरा के हो भने राजनीतिक सुधार, निर्वाचन प्रणालीको पुनरावलोकन, दलभित्रको लोकतन्त्र, संघीयताको प्रभावकारी कार्यान्वयन जस्ता विषय चुनावी बहसमा ओझेलमा परेका छन्। गणतन्त्रमा राष्ट्रियताको अर्थ पनि पुनःपरिभाषित हुन आवश्यक छ। आज पनि राष्ट्रियता कहिलेकाहीँ सत्ता जोगाउने नारा, विरोधीलाई कमजोर बनाउने हतियार वा छिमेकीविरूद्ध भावनात्मक उत्तेजनाको माध्यम बन्ने गरेको देखिन्छ। तर साँचो राष्ट्रियता भनेको नागरिकको स्वतन्त्रता, आत्मसम्मान, समान अधिकार र न्यायको अनुभूति हो। जनताले राज्य आफ्नै हो भन्ने अनुभूति नगरेसम्म राष्ट्र बलियो हुन सक्दैन। बलियो सेना, ठूलो भूगोल वा ठूला भाषणभन्दा पनि सन्तुष्ट नागरिक नै बलियो राष्ट्रियताको आधार हुन्। गणतन्त्रमा राष्ट्रियता जनताको अधिकार र लोकतान्त्रिक मूल्यसँग गाँसिनुपर्छ, न कि डर र घृणासँग।

नेपालको दीर्घकालीन समस्या मध्ये एक राजनीतिक अस्थिरता हो। स्थिर सरकार बिना न त दीर्घकालीन नीति बन्न सक्छ, न विकास योजनाले निरन्तरता पाउँछ, न त अन्तर्राष्ट्रिय विश्वास कायम रहन्छ। बहुदलीय प्रणालीमा स्थायित्व सम्भव छैन भन्ने धारणा गलत हो; समस्या प्रणालीमा होइन, राजनीतिक संस्कारमा छ। न्यूनतम साझा कार्यक्रम, गठबन्धनको नैतिकता, चुनावी परिणामको सम्मान र सत्तामा हुँदा पनि संविधान र संस्थाको मर्यादा पालना गर्ने संस्कार विकास नगरी स्थायित्व सम्भव हुँदैन। यसका लागि दलहरूबीच आधारभूत साझा सहमति अपरिहार्य छ।

लोकतन्त्रको स्थायित्व केवल निर्वाचनबाट सुनिश्चित हुँदैन। स्वतन्त्र न्यायपालिका, सक्षम संसद, उत्तरदायी कार्यपालिका र सचेत नागरिक यी सबै लोकतन्त्रका आधार स्तम्भ हुन्। संस्थामाथि राजनीतिक हस्तक्षेप, कानूनको चयनात्मक प्रयोग र आलोचकप्रति असहिष्णुता लोकतन्त्रका लागि घातक हुन्छन्। लोकतन्त्रमा असहमति कमजोरी होइन, शक्ति हो भन्ने सोच स्थापित हुन आवश्यक छ। नागरिक पनि केवल मतदाता भएर होइन, निरन्तर निगरानी गर्ने सचेत सहभागी भएर लोकतन्त्रको रक्षा गर्नुपर्छ।

दिगो शान्तिको सवाल पनि अझै पूर्ण रूपमा टुंगिएको छैन। द्वन्द्वपछिको नेपालमा संक्रमणकालीन न्याय, पीडितको न्याय र सत्य निरूपण ढिलाइ हुँदा शान्ति प्रक्रिया नै अपूरो देखिन्छ। राजनीतिक सहमतिका नाममा न्याय टार्ने प्रवृत्तिले दीर्घकालीन असन्तोष जन्माउन सक्छ। शान्ति केवल युद्ध नहुनु मात्र होइन, न्याय, विश्वास र मेलमिलापको अवस्था हो। यसका लागि राज्य र राजनीतिक दलहरू गम्भीर हुनुपर्छ।

विकासको सवालमा पनि नेपालले नयाँ सोच अपनाउनुपर्ने समय आएको छ। विकासलाई केवल आर्थिक वृद्धिसँग जोड्नु पर्याप्त छैन। दिगो विकास भनेको वातावरण संरक्षण, सामाजिक न्याय, क्षेत्रीय सन्तुलन र भावी पुस्ताको अधिकार सुनिश्चित गर्नु हो। केन्द्रित विकास मोडेलले असमानता बढाएको छ, जसले सामाजिक असन्तोष जन्माएको छ। संघीय संरचनालाई विकाससँग जोड्न सकिएन भने संघीयता नै कमजोर बन्न सक्छ।

यी सबै चुनौतीहरूको समाधान दलिय साझा सहमतिबिना सम्भव छैन। साझा सहमति भनेको सबै कुरा मिल्नु होइन, लोकतन्त्र, संविधान, राष्ट्रिय हित र आधारभूत मूल्यमा न्यूनतम सहमति हुनु हो। चुनाव जितेपछि सबैको प्रतिनिधि बन्ने, हारेपछि जिम्मेवार प्रतिपक्षको भूमिका खेल्ने, संविधान र लोकतान्त्रिक प्रक्रियालाई कुनै हालतमा कमजोर नपार्ने सहमति आजको आवश्यकता हो। सत्ता आउँछ-जान्छ, तर राष्ट्र र लोकतन्त्र स्थायी हुन्छन् भन्ने सोच दलहरूको व्यवहारमा देखिनुपर्छ।



**गणतन्त्र नेपालको भविष्य निर्वाचनको एक दिनले मात्र निर्धारण गर्दैन, यो प्रश्नको उत्तर अब संविधानको शब्दशब्दमा मा होइन, राजनीतिक व्यवहारमा खोजिनुपर्छ।**

अन्ततः वर्तमान निर्वाचन नेपालका लागि केवल सत्ता परिवर्तनको प्रक्रिया होइन, राजनीतिक संस्कार परिवर्तन गर्ने अवसर हो। यदि दलहरूले अल्पकालीन लाभभन्दा माथि उठेर दीर्घकालीन राष्ट्रिय दृष्टि अपनाए भने गणतन्त्र केवल संविधानको शब्दमा सीमित रहने छैन, जनताको दैनिक जीवनमा अनुभूत हुने व्यवस्था बन्न सक्छ। स्थिर सरकार, बलियो लोकतन्त्र, सन्तुलित राष्ट्रियता, दिगो शान्ति र समावेशी विकास सम्भव छन्, यदि राजनीति साँच्चै जनताको सेवा गर्ने माध्यम बन्यो भने। यही सन्दर्भमा हेर्दा वर्तमान निर्वाचनले राजनीतिक दलहरूलाई आत्मसमीक्षा गर्ने अवसर पनि दिएको छ। जनताले अब को कति ठूलो नेता हो भन्नेभन्दा पनि को कति इमानदार, कति सक्षम र कति उत्तरदायी छ भन्ने आधारमा मूल्याङ्कन गर्न थालेका छन्। सामाजिक सञ्जाल, नागरिक समाज र स्वतन्त्र सञ्चार माध्यमको सक्रियताले सत्ता र विपक्ष दुवैलाई निरन्तर प्रश्नको घेरामा राखेको छ। यसले लोकतन्त्रलाई कमजोर होइन, अझ परिपक्व बनाउने सम्भावना बोकेको छ, यदि राजनीतिक नेतृत्वले यसलाई चुनौती होइन, सुधारको अवसरका रूपमा ग्रहण गर्न सक्यो भने।

गणतन्त्रको सफलताका लागि सबैभन्दा महत्वपूर्ण कुरा राजनीतिक नैतिकता हो। कानुनी व्यवस्था जति बलियो भए पनि नैतिकता कमजोर भयो भने लोकतन्त्र खोक्रो बन्छ। चुनाव जित्नका लागि अस्वस्थ प्रतिस्पर्धा, धनबल र डरको प्रयोग, सत्ता प्राप्तिपछि प्रतिशोधको राजनीति र राज्य संयन्त्रको दुरूपयोगले लोकतान्त्रिक मूल्यलाई क्षति पुर्‍याएको छ। यसलाई रोक्न कानून मात्र होइन, राजनीतिक इच्छाशक्ति आवश्यक हुन्छ। दलहरूले आफ्ना कार्यकर्तालाई सत्ता होइन, सेवा नै राजनीति हो भन्ने संस्कार सिकाउन सक्नुपर्छ।

युवा पुस्ता आजको नेपालको सबैभन्दा ठूलो सम्भावना हो तर त्यही युवा वर्ग राजनीति प्रतिको वितृष्णाका कारण देश छोड्न बाध्य भइरहेको छ। रोजगारीको अभाव, अवसरको असमानता र योग्यताभन्दा पहुँचलाई प्राथमिकता दिने प्रवृत्तिले युवालाई निराश बनाएको छ। यदि वर्तमान निर्वाचन र त्यसपछि बन्ने सरकारले युवालाई नीति निर्माणको केन्द्रमा राख्न सकेन भने लोकतन्त्रको भविष्य नै कमजोर बन्न सक्छ। युवालाई केवल नारामा होइन, निर्णय प्रक्रियामा सहभागी गराउने साहस राजनीतिक दलहरूले देखाउनैपर्छ।

महिला, दलित, जनजाति, मधेसी, अपांगता भएका व्यक्ति र पछाडि पारिएका समुदायको प्रतिनिधित्व संविधानले सुनिश्चित गरे पनि व्यवहारमा अझै चुनौतीपूर्ण छ। प्रतिनिधित्व केवल संख्यामा सीमित हुँदा नीति निर्माणमा उनीहरूको वास्तविक आवाज सुन्ने संस्कार, संसदीय सभ्यता विकास हुन सकेको छैन। समावेशी लोकतन्त्र भनेको पदमा पुग्नु मात्र होइन, निर्णयमा प्रभाव राख्नु हो। यसतर्फ दलहरूको साझा प्रतिबद्धता आजको आवश्यकता भएको छ।

संघीय लोकतान्त्रिक गणतन्त्रको सफल कार्यान्वयनका लागि केन्द्र, प्रदेश र स्थानीय तहबीच विश्वास, सहकार्य र स्पष्ट अधिकार बाँडफाँड आवश्यक छ। संघीयतालाई बोझ वा समस्या ठान्ने प्रवृत्तिले होइन, त्यसलाई अवसरका रूपमा प्रयोग गर्ने राजनीतिक इच्छाशक्तिले मात्र विकास सम्भव छ। स्थानीय तहलाई अधिकारसहित उत्तरदायी बनाउनु, प्रदेशलाई नीतिगत स्पष्टता दिनु र केन्द्रलाई समन्वयकारी भूमिकामा सीमित गर्नु संघीयताको आत्मा हो। यसमा दलगत स्वार्थभन्दा माथि उठेर साझा दृष्टिकोण बनाउने समय आएको छ।

राष्ट्रियता र विदेश नीतिको सवालमा पनि गणतन्त्रले परिपक्वता देखाउनुपर्ने आवश्यकता छ। छिमेकीसँगको सम्बन्ध भावनात्मक उत्तेजना वा अन्ध विरोधमा होइन, राष्ट्रिय हित, आपसी सम्मान र कूटनीतिक सन्तुलनमा आधारित हुनुपर्छ। अन्तर्राष्ट्रिय सम्बन्धलाई आन्तरिक राजनीति ढाकछोप गर्ने माध्यम बनाउँदा राष्ट्र कमजोर हुन्छ। बलियो राष्ट्रियता भनेको आत्मनिर्भर अर्थतन्त्र, एकताबद्ध समाज र लोकतान्त्रिक स्थिरता हो, न कि चर्को भाषण र आरोप-प्रत्यारोप।

यस सम्पूर्ण सन्दर्भमा दलिय साझा सहमति कुनै विकल्प होइन, अपरिहार्यता बनेको छ। संविधान, लोकतान्त्रिक मूल्य, मानव अधिकार, संघीयता, समावेशिता र शान्ति प्रक्रियाजस्ता विषयमा दलहरूबीच स्पष्ट र लिखित सहमति हुन सक्यो भने राजनीतिक अस्थिरता धेरै हदसम्म कम गर्न सकिन्छ। साझा सहमति भनेको सरकार सधैं मिलिजुली नै बनाउनु भन्ने होइन, तर असहमति हुँदा पनि व्यवस्था र राष्ट्रलाई क्षति नपुग्ने गरी व्यवहार गर्नु हो। यही लोकतान्त्रिक परिपक्वताको परीक्षा अहिले नेपालले दिइरहेको छ।

अन्ततः भन्नुपर्दा, गणतन्त्र नेपालको भविष्य निर्वाचनको एक दिनले मात्र निर्धारण गर्दैन, तर त्यो दिनले राजनीतिक दिशाको संकेत अवश्य दिन्छ। जनताले सही निर्णय गरे पनि त्यसलाई सार्थक बनाउने जिम्मेवारी राजनीतिक नेतृत्वकै काँधमा हुन्छ। यदि नेतृत्वले सत्ता होइन, राज्य निर्माणलाई प्राथमिकता दियो भने स्थिर सरकार, बलियो लोकतन्त्र, दिगो शान्ति र समावेशी विकास कुनै सपना होइन, सम्भव यथार्थ बन्नसक्छ। गणतन्त्र सफल हुने कि असफल भन्ने प्रश्नको उत्तर अब संविधानको शब्दमा होइन, राजनीतिक व्यवहारमा खोजिनुपर्छ। यही नै आजको नेपालको सबैभन्दा ठूलो चुनौती र सम्भावना दुवै हो।



## दुईजोर आँखाहरू



डा.दामोदर पुडासैनी ‘किशोर’

बिहान झिसमिसेमै
भेटेँ तिम्रा एकजोर आँखा
तिनै आँखाले
छामेँ तिम्रो मुटु
नियालेँ तिम्रो मनलाई
छामेँ तिम्रा हात पाउहरू
र तिमीले मनले कोरेका
मनका मीठा प्रेमिल गीत
तिनीहरू सबै रहेछन्
म र मेरा जस्तै ।

अहिले हाम्रा जुईजोर आँखाहरूमा
छुट्याउँनै कठिन छ
कुन तिम्रो हो र कुन मेरो ।

## विलोम - लघुकथा



ममता मृदुल

विद्या मरी
विद्या मरी ।
हो,
उसको मृत्यु भएको मलाई थाहा छ ।
कति राम्री थिई मलाई मन पर्थी तर कहिले भनिन ।
सङ्घर्ष गर्न सिकाई ।
कैयन रात मैले उसँग बिताए ।
संस्कार सिकाउँथिई,
समस्यासँग डराउदिन थिई समाधानका बाटा देखाउँथी ।
कहिले लाग्थ्यो कोमल छे,
कहिले महाकाली जस्ती,
उधारो लिन भन्दा अगाडि कमाउन सिकाउँथी ।
अन्यायविरूध्द बोल्नु पर्छ भन्थी ।
विद्या नभए बाँच्न सक्दिन जस्तो लाग्थ्यो ।
तर सकिने रहेछ ।
उ टुलुटुलु मलाई हेरिरहेकी हुन्थिई ।
विद्यालाई मार्न नहुने थियो ।
हुनत हो, मैले विद्याको हात छोडेर लोभमा परी बाह्र पास हुने बित्तिकै लक्ष्मीलाई समातेको थिए ।
आज, लक्ष्मीले मलाई छोडेर गई ।

## लघु कविता दर्पण

**फेरि पनि भोज भतेर
लावा लश्कर उस्तै छ
धेरै फुट छ थोरै जुट छ
भनौं भने सर्वत्र लुट छ ।**

**यथार्थता ऐनामा हेर्दा मात्र देखिन्छ
दर्पण कहिले झुट बोल्दैन
दर्पण भन्छ यो भिडभित्र
देश बेच्ने तस्कर छ
यहाँ गिरगिटको लश्कर छ ।**

**कहिले बुझ्ने यिनले
कसले बुझाउने यिनलाई?
हिजो सडकमा पोखिएको रगत
अझसम्म सुकेको छैन ।**



**अरूण कुमार भुजेल**
**गोरूबथान, दार्जिलिङ।**



## दाङमा मुक्तकसङ्ग्रह समीक्षा

माघ २३ दाङ । राप्ती साहित्य परिषद् दाङ शाखाले नियमित कृति समीक्षा कार्यक्रम अन्तर्गत १९८औं शृङ्खलामा साहित्यकार दीपबहादुर खत्रीको मुक्तकसङ्गह ‘स्वतन्त्रताको श्वास’ माथि समीक्षा कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रम यम रेग्मीको अध्यक्षतामा, संस्कृतिविद् डा. गोविन्द आचार्यको प्रमुख आतिथ्य तथा पुरूषोत्तम खनालको विशिष्ट आतिथ्यमा सम्पन्न भएको थियो ।

कार्यक्रममा साहित्यकार तथा स्रष्टा दीपबहादुर खत्रीद्वारा लिखित ‘स्वतन्त्रताको श्वास’ मुक्तक सङ्गहको समीक्षा डा. लोकराज पराजुलीले गर्नुभएको थियो । यो मुक्तक सङ्गहमा समाजको यथार्थ, बदलिँदो मूल्य र मान्यता, आत्मसङ्घर्षका साथै व्यङ्ग्यात्मक भाव, करूणाका तरङ्ग, विद्रोही स्वर र श्रद्धाजस्ता अनुभूतिहरू अभिव्यक्त भएको उल्लेख गर्नुभयो । कार्यक्रममा दीपक शर्मा, खगराज न्यौपाने, चन्द्रबहादुर थापा, पदमप्रसाद शर्मा, गणेश विषमलगायतको उपस्थिति रहेको थियो । स्वागत सुरेशकुमार पाण्डेले र सहजीकरण घनश्याम केसीले गर्नुभएको थियो ।



घट्टको हाल नपाइ चाल सामल पिन्न गाह्रो छ
अरू चिज जस्तो होइन मान्छे चिन्न गाह्रो छ
असल हो कि खराव मान्छे चिनाउँछ संगतले
नियत प्रष्ट नहोउन्जेल कुरो छिन्न गाह्रो छ ।

**- गणेश लोहनी**



तिम्रो मुटुको स्पन्दनमा मेरो नाम लेखिदेउ
तिम्रो पीडाको क्रन्दनमा मेरो नाम लेखिदेउ
यदि खुशि पाउने नै तिम्रो अभिलाषा हो भने
तिम्रा दुखको आक्रन्दनमा मेरो नाम लेखिदेउ ।

**- कृष्ण ब. थापा**



मृत्यु जितेर जित्ने छौ एकदिन
आँफै हारेर जित्ने छौ एकदिन
यो दुनियाँ हलाहल बिष न हो
कालकुट पिएर जित्ने छौ एकदिन ।

**- रूबि सत्याल**



पैसा हुन्जेल अगिपछि लावा-लस्कर लागे
छैन पनि भन्न पाइन फकाइ-फुल्याइ मागे
जसलाई पर्दा पहिलेदेखि काँध हाल्दै आइयो
आफूलाई पर्दा अहिले सबै लाखा-पाखा लागे ।

**- जेवी खत्री**



राज्यको ढुकुटी त नेताले पिउने फाँडो भएछ
राजनीति नेतालाई कमाई खाने भाँडो भएछ
व्याँसा हो, कति चुस्छौं जनताको रगत पसिना
देश बेच्छन् यिनले, यिनलाई देशनै घाँडो भएछ ।

**- विद्या भण्डारी**



म मरेँ भने एक थोपा आँसु झार्दै नझार्नु
स्वर्ग जान लागेकालाई नर्कमा पार्दै नपार्नु
जिउँदो छँदा मेरो मायाँलाई तिरस्कार गरेउ
त्यसैले बिर्सेर पनि एकछाक नुन बार्दै नबार्नु

**- इन्दिरा रेग्मी**

## मुक्तक प्रतिष्ठानको १३औं वार्षिकोत्सव




२०७० मा स्थापना भएको नेपाल मुक्तक प्रतिष्ठानले तेह्रौं वार्षिकोत्सवको अवसरमा हिजो नेपाल पर्यटन बोर्डमा मुक्तक दिवस सम्पन्न गऱ्यो ।

प्रतिष्ठानले सो अवसरमा वरिष्ठ मुक्तककार उषा शेरचनलाई ५१,०००/- राशिसहित “भीमदर्शन मुक्तक पुरस्कार’ र मुक्तककार डा. रूपक श्रेष्ठ ( बेलायतलाई ३१,०००/- राशिसहित “कृष्ण-रत्न-चेतन मुक्तक पुरस्कार’ प्रदान गरेको छ । नेपाल मुक्तक प्रतिष्ठानका अध्यक्ष रामकाजी कोनेको सभापतित्वमा आयोजित सो कार्यक्रममा दुबै पुरस्कार कार्यक्रमका प्रमुख अतिथि पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठ र अध्यक्ष कोनेले प्रदान गर्नु भएको हो ।

कार्यक्रममा नेपाल मुक्तक प्रतिष्ठानले प्रकाशित गरेको प्रा. डा. लक्ष्मणप्रसाद गौतमको “नेपाली मुक्तकको रचनाविधान’, नेपाल मुक्तक प्रतिष्ठान बेलायत शाखाद्वारा प्रकाशित “ईलिंग“ स्मारिका, र डा. रूपक श्रेष्ठका कृतिहरू “चौशुल’ र “पोख्तक’ (अंग्रेजी संस्करण) को लोकार्पण पनि गरिएको थियो ।

प्रमुख अतिथि पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठले मुक्तक विधालाई समाजको संवेदनशील र अति सुक्ष्म साहित्यिक अभिव्यक्तिको प्रभावकारी माध्यमका बताएका थिए । अध्यक्ष रामकाजी कोनेले मुक्तक दिवसको विशेष शुभकामना व्यक्त गरेका थिए भने सम्मानित वरिष्ठ मुक्तककार उषा शेरचनले यस सम्मानले मुक्तक विधाप्रतिको मेरो जिम्मेवारी अझ बढाएको उल्लेख गरिन् । अर्का सम्मानित डा. श्रेष्ठले मुक्तकलाई आत्मअनुशासन र चेतनाको अभ्यासका रूपमा वर्णन गरेका थिए ।


कार्यक्रममा नेपाल मुक्तक प्रतिष्ठानका सल्लाहकार प्रा.डा. लक्ष्मणप्रसाद गौतम, समालोचक केशव सिग्देल, नेपाल स्रष्टा समाजका अध्यक्ष श्रीओम श्रेष्ठ रोदन, प्रतिष्ठानका पूर्व महासचिव रमेश पौडेलले आआफ्नो मन्तव्य राख्नु भएको थियो ।

## भीमसेन थापाको सुसाइड नोट



*अरूणबहादुर खत्री*

मोमिलाको भीमसेन थापाको सुसाइड नोट नामक कवितासङ्ग्रह २०७० सालमा प्रकाशित भएको छ । यसभित्र उनले लेखेका तिमी र म, उज्यालो र छायाँको एक उत्सवमय साँझ, कुनै अरू फूल होइन, शून्य राजमार्गको चिया पसल, हिउँदको प्रथम बर्सातमा लगायत विभिन्न शीर्षकका ३२ वटा कविताहरू समावेश गरिएका छन् । नेपाली साहित्यको विविध विधामा कलम चलाउदै आइरहेकी उनी पछिल्लो समय कविता विधामा रमाएको देखिन्छ । प्रकृतिसँग अनन्य सम्बन्ध छ उनका कविताको । मनोहर र आकर्षक छ प्रकृतिको आगमन जसले कहिलेकाही आफैलाई आकुल व्याकुल बनाइदिन्छ । यस सङ्ग्रहभित्रको तिमी र म शीर्षकको पहिलो कवितामा तिमी र म अर्थात् हामी फरक बाटो भए पनि आज, एउटै सपनामा हस्ताक्षर गरेर हिँडेका छौ लेखिएको छ । उही उज्यालो र छाँयाको एक उत्सवमय साँझ ऊ उज्यालोले विभुषित भयो म छायाँले विभुषित भएँ उज्यालो र छायाँको एक उत्सवमय साँझ शीर्षकको कवितामा कवयित्रीले लेखेकी छिन् । फेरि अर्को मित्रले पनि कुनै भव्य फुल पठाएर प्रेमको अनुरोध कवयत्रीलाई गरेको कुरा कुनै अरू फुल होइन शीर्षकको कवितामा कवयित्री मोमिलाले लेखेकी छिन् ।




तर यतिखेर मलाई
कुनै अरू फूल होइन
मेरै मङ्गलसेनको फुल
र तिम्रै प्यार चाहिएको छ

भावना बिचार पनि हो जसले कहिलेकाही आफैलाई पिरोल्छ र दुःख दिन्छ । भावना आगोरूपी ज्वाला पनि हो जसले आफुलाई पोल्न पनि सक्छ र सारा बन्धनका डोरीहरू जलाएर आफैंलाई मुक्त गराइदिन पनि सक्छ कवयित्रीले यसै अनुसार कविता कोर्न सफल भएकी छिन् । भावनात्मक प्रेमका बारेमा आफ्ना मनोभावहरू अभिव्यक्त गरिएको कविता मुस्कुराइरहेका फुलहरूमा हो । यसमा कसैले प्रेम प्रस्ताव गरिसकेपछि त्यसले मन छोएको र जीवनमा उसको साथ पाउन आवश्यक भएको भाव यसमा अभिव्यक्त छ । कवयित्री मोमिलाले सिर्जना गरेका कविताहरू यस कृतिभित्र बेजोडले कुदिरहेको देख्न पाइन्छ ।

हो, शुन्य राजमार्गमा चियापसल छ
चिया पसलमा चिया होइन
मनमायाको आँसु पाक्छ ।

कविको मन अत्यन्त कोमल हुन्छ, संवेदनशील हुन्छ त्यसैले ऊ सुक्ष्मभन्दा सुक्ष्म कुराहरूलाई नजिकबाट नियाल्न सक्छ । त्यसैले उसले कविता लेख्न सक्छ । कवयित्री मोमिलाले इमान्दारीपुर्वक निर्भीकताका साथ आफ्नो सभ्यता र संस्कृतिका साथै यावत् जीवनको जटिलतम गूढ रहस्यलाई प्रकृति, कला, विचारको माध्यमबाट सशक्त रूपमा अभिव्यक्ति दिएकी छिन् । उनले लेखेका कविताहरू स्तरीय र तिख्खर बन्दै गरेका छन् । हिउँदको प्रथम बर्सातमा शीर्षकको कवितामा जिन्दगीको एक मौसम तिमी पारि म वारि बिचमा बगेथ्यो आँसुको समुद्र हिउँदको प्रथम बर्सातमा कवयित्रीले लेखेकी छिन् । आमा तिमी नभएपछि हिमालसँग हिमाल नरहेजस्तै पहाडसँग पहाड नरहे जस्तै घामसँग घाम नरहे जस्तै मसँग पनि त म रहेन आमा ! तिमी नभएपछि कवितामा लेखिएको छ ।

उहिल्यै तिम्रा आँखामा खसेको
भ्रमिल बादलको पर्दा उठाएर हेरे
तिमी देख्नेछौ

एउटा सहरको किनारमा उभिएर शीर्षकको कविताभित्र एउटा सहरको किनारमा उभिएर ऊ बगिरहेको हेर्नु कम्ती सुखद लाग्दैन ? भनेर कवयित्रीले प्रश्न गरेकी छिन् । उनले लेखेका कवितामा विवेक जगाउन पर्छ भन्ने बिचार अभिव्यक्त गरिएको छ । कवयित्री मोमिलाका कवितामा मनहरू पीडा भोग्दै छन् । अपमान भोग्दै छन् । तिरस्कार भोग्दै छन् । अचेल मनहरू लोप हुँदै र भासिदै छन् । सरल र स्वाभाविक भाग सम्प्रेषणका कविताले आफ्नै समाज, संस्कृति र जीवनसंसारको अनुभुति प्रकट गरेको छ । ती अनुभुतिमा हाम्रै जीवनभोगाइ, हाम्रै परिवेश र हाम्रै दृष्टिकोणहरू छन् । प्रत्येक कविताले प्रकृति र जीवनको मीठो संयोजन गरेको छ । कवयित्री मोमिला आफुसँगको अभेद्य सङ्घर्षको अर्थपुर्णताले उनको काव्यजीवनमा धेरै नै उथलपुथल मच्चाएको छ । जीवन भोगाइका क्रममा विभिन्न घात-प्रतिघात सँहदै अगाडि बढेकी कवयित्री मोमिलाका कवितामा जीवन यथार्थका विविध अभिव्यक्ति छन् ।

प्रिय वानीरा !
तिमीलाई म के भनुँ
फूलहरूसँग बात मारिरहँदा तिमी
फूल जस्तै
काँडासँग जुधिरहँदा तिमी
काँडा जस्तै

छेउढोकाबाट कसैले गोली नहानुन् शीर्षकको कविताले ढोका खुला हुनु स्वीकृति ढोका बन्द हुनु अस्वीकृति तर, प्रिय ईश्वर भनेको छ । मुर्दासमयको सुईमा नयाँ स्वर्ग शीर्षकको कवितामा अस्तित्वको वक्र आयाममा नबुझिएको नियति लिएर हुनु र नहुनुबिचको दुरीसँग विनाकारण मान्छे वहस गर्छ भनिएको छ । शिखर सम्याएर शिखरको नाम दिन चाहन्न शीर्षकको कवितामा श्रापित ढुङ्गे देवता जो शिखरमा अडिन सक्दैन र म अड्याउन पनि सक्तिनँ भनेर कवयित्री मोमिलाले लेखेकी छिन् । प्रेमका सहिदहरूलाई शीर्षकको कवितामा जति अबेरसम्म निदाए पनि सुर्य आफ्नै समयमा उदाउँछ जति सबेर बिउँझे पनि फुल आफ्नै समयमा फुल्छ भनिएको छ । भीमसेन थापाको सुसाइड नोट शीर्षकको अन्तिम कविताभित्र फेरि एकाएक तस्बिरबाट कान झरेछन् ठीक त्यही बेलादेखि यस देशका शासकहरू बहिरो भएको हुनुपर्छ भनिएको छ ।

कवयित्री मोमिलालाई मातृत्वका नयाँ आकाश समातेका छन् मोमिलाका कविताले । मोमिलाले लेखेका कवितामा जीवनको ध्वनि छ । त्यस ध्वनिले आफ्नो माटो, संस्कार, सभ्यता र पसिनालाई बढी स्पर्श गरेको बोध हुन्छ कविता पढ्दै जाँदा । कविताहरू मार्मिक, सुन्दर र प्रभावशाली छन् । शैलीमा निजत्व प्रवाहित छ भने चिन्तन पक्ष विशेष देखिन्छ । कविताहरू प्रतिकात्मक छन् । नारीप्रतिको संवेदनशीलता विशेष छ । प्राकृतिक र सांस्कृतिक बिम्बहरूले कवितालाई रोचक बनाएको छ । उनलाई राष्ट्रको अगाध माया छ । त्यसैले त उनी भावनामा र कर्मशीलतामा नेपाललाई देख्दछिन् । राष्ट्रका अङ्ग-अङ्गसित समाहित हुन पुग्दछिन् । कवयित्री मोमिलाका कविताहरू भावनात्मक मात्र छैनन्, जीवन र जगत्को वास्तविक छवि चित्राङ्कनमा जति सक्षम छन् त्यति नै प्रयोगका दृष्टिले पनि बेजोड र सशक्त छन् । अन्त्यमा उनका अन्य राम्रा राम्रा कविता सङ्ग्रह थपिदै जाओस् भन्न चाहन्छु ।

पुस्तकः भीमसेन थापाको सुसाइड नोट — लेखकः मोमिला
प्रकाशकः याम्बुरी बुक प्वाइन्ट — मूल्यः रू.१९९।–





| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np





## ती नेताका मुठ्ठीबाट नेपाल बनेन

फागुन २१ संघारमै आइसक्यो । अझै चुनाव हुन्छ कि हुन्न ? भन्ने संशय दुर्भाग्यपूर्ण छ । हरेक पार्टी चुनावमा होमिएका छन्, चुनावी प्रकृया पूरा भएका छन्, मतपत्र छाप्ने काम भइसक्यो, सुरक्षा प्रवन्ध गरिएको छ । निर्वाचन आयोग र सरकारले गर्नुपर्ने र मिलाउनु पर्ने सबै काम योजनावद्ध रूपमा अघि बढिसकेका छन् । यति हुँदा पनि चुनावमा हारिन्छ कि भनेर डराएका पुराना पुस्ताका ठूला नेताहरू चुनाव भाँड्न, चुनाव सार्न र आफूलाई चुनौती दिएका उमेदवारको विरूद्धमा तीता कुरा गर्दै भनिरहेका सुनिन्छन्- चुनाव त हुन्छ ? चुनावको बिकल्प छैन यिनै भन्छन्, संशय पनि यिनैले गरिरहेका छन् । यस्तो संशय अब बदलिनुपर्छ । चुनाव हुनुपर्छ र चुनावी प्रतिस्पर्धा स्वस्थ हुनुपर्छ, चुनावमा धाँधली हुनुहुन्न । जसले जिते पनि जनताको विश्वासले जित्नुपर्छ । जसले हारे पनि जनताले हार्नुहुन्न ।

अन्यथा अभिव्यक्ति र प्रचार निकै बढेका छन् । प्रजातन्त्रप्रति प्रतिवद्ध भइसकेपछि चुनाव सम्पन्न गराउने दायित्व पनि त्यही प्रतिवद्धताभित्रै पर्छ । निर्वाचनमा कुनै प्रकारको अडचन देखापर्‍यो भने त्यसलाई पन्छाउने र निर्वाचनको सहज वातावरण बनाउने दायित्व प्रत्येक नागरिक, पार्टीको हो ।

२०८४ को निर्वाचन २ वर्ष अघि नै हुनु कुनै विशेषता होइन । यो निर्वाचनको उद्देश्य, कारण र निदान भनेको सुशासन, भ्रष्टाचारको न्यूनिकरण, दण्डहीनताको अन्त्य, नेपोटिजमको समाप्ति, समानता र क्षमताको कदर हो । यही उद्देश्य प्राप्तिका लागि निर्वाचन हुँदैछ, उमेदवार जसले जिते पनि जनताको आकांक्षा र अपेक्षा हार्नुहुन्न । प्रजातन्त्रमा प्रजाको रञ्जन हुनुपर्छ, महत्वपूर्ण कुरा जनताको मत खेर जानुहुन्न । चुनाव हुनुपर्छ, चुनावको गरिमा बढ्नुपर्छ । २०१५ सालको बहुदलीय चुनाव, पञ्चायतकालको चुनाव, जनमत संग्रह, २०४७ को बहुदलीय चुनाव, पटक पटकको चुनाव, संविधानसभाको दुईपल्टको चुनाव, संविधान घोषणापछिको दुईपल्टको चुनाव । जनताले पर्याप्त चुनाव देखेका छन्, सहभागी पनि भएका छन् । थरिथरिका सरकार देखेका छन् । फागुन २१ को आसन्न चुनाव पनि जनताको माग हो, जेनजी पुस्ताको आन्दोलन, बिद्रोहपछिको अराजकताको अन्त्यका लागि हुनलागेको छ यो निर्वाचन । देश खरानी भएपछि नेतृत्व परिवर्तन, नयाँ पुस्ताको माग र नयाँ निर्माणको कर्तव्य पूरा गर्नेसम्मको लागि यो चुनाव हुँदैछ । संविधान ध्वस्त भएपछि, कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका खरानी भइसकेपछि यो चुनाव हुँदैछ । स्थिरताका लागि पनि यो चुनाव ऐतिहासिक हो ।

चुनाव आइसक्यो, उत्सुकताका ठाउँमा अविश्वास किन छ ? यो चुनाव राष्ट्रका लागि मार्गदर्शक हुनुपर्छ । देश गम्भीर परिस्थितिमा छ, देशको सार्वभौमिकता सुरक्षित गर्न पनि चुनाव जरूरी छ । यो चुनावमा प्रत्येक नेपालीको छातीभित्रको हरि उठ्नुपर्छ र विवेकी निर्णय दिनुपर्छ । सही बोल्ने, सही निर्णय गर्ने र सही नेतृत्व चयन गर्ने मोडमा छन् जनता । जनतालाई अझै पनि दिग्भ्रमित गर्नु राष्ट्रघात हो । चुनाव रोकिनु दुर्भाग्यपूर्ण हुनेछ । राजनीतिक दलहरूले बहुदलको ३७ र लोकतन्त्रको २० वर्षमा बाटो बिराए, देशको आर्थिक, राजनीति, सामाजिक, सांस्कृतिक, सुरक्षा, संवैधानिक लगायत सबै कोणबाट बित्पात चुक गर्नाले हामी यहाँ आइपुगेका हौं । अब पनि चुनाव हुन्छ र ? भन्ने भ्रम फैलाएर जनजनको आत्मविश्वास तोड्ने काम हुनु वर्तमान र भावी पुस्ताका लागि सराप नै हो । चुनाव होस्, जसले चुनाव जितोस्, नेपाल र नेपालीले जितोस् । आजको आवश्यकता यही हो ।

# यता बीपी रोए, उता चारु मजुमदार मारिए






चारू मजुमदार १९६९ भारतको नक्सल आन्दोलनका पिता थिए । चारूका ज्यान दिनसक्ने हजारौं कार्यकर्ता थिए । एकदिन आफ्ना कार्यकर्ताको परीक्षण गर्दा उनले थाहा पाए- आफ्ना कार्यकर्ता त सम्भ्रान्त, सौखिन भइसकेका रहेछन् । कार्यकर्ताकै कारण कम्युनिष्ट पक्राउ गर्ने क्रममा चारू पनि पक्राउ परे । चारू पश्चिमाशैलीको गुणस्तरीय सिगारका सौखिन थिए, जसका कारण उनी जेल परे र १९७२ मा जेलभित्रै रहस्यमय रूपमा उनको मृत्यु भयो । त्यो समय 'फेरारी' अर्थात बेपत्ता पार्नसक्ने कलकत्ताका प्रहरी अधिकारी रनु गुहाले उनलाई पक्राउ गर्दा उनी नै चारू हुन् भन्ने निश्चित थिएन । जसरी होचि मिन्हको कमजोरी अमेरिकी सिगार थियो, त्यसैगरी चारूको कमजोरी पनि अमेरिकन सिगार हो भन्ने ती प्रहरीलाई थाहा थियो । जब सादा पोसाकमा रनु गुहाले सिगार दिए, चारू लोभिए, त्यसपछि प्रहरीले यिनै चारू हुन् भन्ने पक्का गर्‍यो । त्यही सिगारका कारण चारूको मृत्युको कारण बन्यो । आज भारतका बिभिन्न प्रान्तमा माओवादी समूह र राजनीतिमा कम्युनिष्टहरू छन् तर तिनको हैसियत २०१४ देखि सत्तामा भाजपा अर्थात् नरेन्द्र मोदीको उदयसँगै हराउँदै र बिलाउँदै गएको छ ।

नेपालको राजनीतिमा प्रजातन्त्रको बिडा उठाउने पार्टी कांग्रेस नै हो । वीपी कोइरालाले २००३ असोज १६ गते भारतको पटनाबाट प्रकाशित हुने द सर्च लाईट पत्रिका मार्फत भारतमा रहेका नेपालीहरूलाई सङ्गठित गर्न आह्वान गरियो र कात्तिक १५, २००३ मा बनारसमा देवि प्रसाद सापकोटाको सभापतित्वमा अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेस नामक संस्थाको स्थापना भयो । माघ १२ र १३ गते पहिलो महाधिवेशन गरियो । यही हो वर्तमान नेपाली कांग्रेसको जग ।

कांग्रेस नेपालको पहिलो र ठूलो समाजवादी-लोकतान्त्रिक पार्टी हो । २००६ चैत २७ मा नेपाल राष्ट्रिय काङ्ग्रेस र नेपाल प्रजातान्त्रिक काङ्ग्रेसको एकिकरण भएपछि यो झन ठूलो पार्टी बनेको थियो । कांग्रेस भन्छ- २०८२ मा कृयाशील सदस्य १० लाख छन् । २०१५ सालमा किसानको फोटो राखेर चुनाव लड्दा दुईतिहाईको सरकार चलाएकै हो । केन्द्रमा वीपीको शासन थियो, गाउँ गाउँमा कांग्रेसीहरू लुटपाटमा लागे । जसका कारणले जनता त्रसित भए र कांग्रेस जनताका लागि सराप बन्यो । यही सरापमोचनका लागि राजाले पञ्चायत व्यवस्था ल्याएका थिए ।

त्यसपछि वीपी भारत निर्वासनमा गए । २०३३ सालमा वीपी मेलमिलापको नीति लिएर स्वदेश फर्केका थिए । २०३६ सालमा पञ्चायतविरूद्ध ठूलै प्रदर्शन भयो, जनमत संग्रहको घोषणा र चुनाव भयो । तर सुधारिएको पञ्चायतले जितेपछि बहुदल आउन सकेन । वीपीले जननिर्णयको स्वागत गरेका थिए । २०३९ साउन ६ गते वीपी कोइरालाको निधन भयो । २०४६ सालमा फेरि पञ्चायत विरूद्ध आन्दोलन भयो र राजाले दलमाथिको प्रतिवन्ध फुकुवा गरिदिए, प्रजातन्त्र पुनर्स्थापना हुनसक्यो ।

तर गिरिजाप्रसाद कोइरालाको महत्वाकांक्षा र कृष्णप्रसाद भट्टराई-शेरबहादुर देउवाका द्वन्द्वले कांग्रेसमा नीति र वैचारिक धरातलमा पहिरो जान थाल्यो । पार्टी टुक्रिने र जोडिने, नेताहरूवीच बैमनुस्यता देखिने, नीति नैतिकता र चरित्रमा ह्रास आउने अनेक घटनाहरू घट्यो । सांसद किनबेचसम्मका प्रकरणहरू देखिए । प्राडो, पजेरो काण्ड, सांसदलाई थाइलेण्ड लगेर व्यभिचारमा डुबाउने हरकत पनि भएकै हो ।

कांग्रेसको नीतिहीनताकै कारण, राष्ट्रवाद र प्रजातन्त्रमा बिचलन आएकै कारण २०६३ को परिवर्तनपछि कांग्रेस कम्युनिष्टजस्तो हुनथाल्यो । सत्ता, सम्पत्ति र स्वार्थमा यसरी लिप्त हुनपुग्यो कि कांग्रेस अवसरवादी, छेपारो प्रवृत्ति बिकसित हुँदै गयो । कांग्रेसभित्र वीपीवाद मात्र शब्दमा सिमित हुनपुग्यो ।

सभापति शेरबहादुर देउवाले कांग्रेसभित्र दह्रो गुट बनाएर एकछत्र शासन गर्न थाले । कहिले माओवादी, कहिले एमालेसँग मिलेर सत्तालाई उखु चुसेजसरी चुसिरहे । प्रजातन्त्र प्रजातन्त्र भन्दाभन्दै कांग्रेस सुकेको रूख हुनपुग्यो ।

२०५१ सालदेखि १० वर्षे जनयुद्ध गरेको सर्वहारावादी माओवादीले १७ हजारको हत्या गर्न सफल भयो । प्रचण्ड विश्व समाचार बने । २०६५ मा प्रधानमन्त्री बनेका प्रचण्ड ३ पल्ट प्रधानमन्त्री बने, १७ वर्ष सत्ता राजनीतिको किङपिन नै बनिरहे । यो वीचमा माओवादीले सर्वहारावाद बिर्सियो । माओवादीका नेताहरूले जतिसुकै मानवीय अपराध गरे पनि छुट पाइरहे । जनयुद्ध जनताका लागि होइन, नेताको सत्तास्वार्थको लागि गरिएको रहेछ भन्ने घटनाक्रमले प्रमाणित नै गरिदियो ।

कांग्रेस, एमाले र माओवादी : यी तीन ठूला दलहरूले ससाना दलहरूलाई उचाल्ने, पछार्ने, सुविधा दिने खोस्ने, मिलाउने भत्काउने अनेक कार्य गरिरहे । जनताको असन्तुष्टिको आवाजलाई यिनले कहिल्यै सुनेनन् । शोषण, भ्रष्टाचार, अपराध यिनको नियमित निरन्तरता भइनै रह्‍यो । यसकारण गत भदौ २३ मा जेनजी पुस्ताले आन्दोलन गरे । आन्दोलन दबाउन यिनले राज्य दमन गरे, ससाना बालबालिकालाई गोली हाने, १९ जना मारिए । यसपछि देशैभरि जनआक्रोशको ज्वाला उठ्यो, २४ गते लोकतान्त्रिक गणतन्त्रको शासनसत्ताले फेरि गोली बर्सायो । ७६ जना मारिए । त्यसपछि के चाहियो, देश ज्वालामुखीमय भयो । यिनको सातो गयो, सत्ता सम्पत्ति छाडेर भागे, संसद संविधान समाप्त भयो । अन्तरिम सरकार बन्यो र फागुन २१ मा निर्वाचन तोकियो । फागुन २१ आउन ४ हप्ता बाँकी छ । यतिबेला कांग्रेस, एमाले, माओवादी संगठित पार्टी त हुन् तर यिनको नाममा, मुहारमा, गतिमतिमा, विश्वसनीयतामा भ्रष्टाचारको तातो त्रिशूल डामिएको छ ।

चुनाव पुराना विरूद्ध नयाँ पुस्ताको मुकाविला बन्न पुगेको छ ।

नेपाली वर्णपटलाई पल्टाउँदा देखिन्छ- २००७ सालमा नेपाली कांग्रेसले प्रवासबाट लैनछोकडा ल्यायो र तिनलाई बन्दुक बोकाएर मुक्तिसेनाको नाम दिएको थियो । २०८२ साल आइपुग्दा कांग्रेससँग तरूण दल, नेवि संघजस्ता युवादस्ता छन् । एमालेले नेशनल भोलिन्टियर फोर्स बनाएको छ ।

माओवादीले वाईसिएललाई अर्ध सैनिक दस्ता घोषित गरिसकेको छ ।

नयाँहरू जो परिवर्तनमा अग्रसर भएका छन्, जो जेनजी पुस्ताको रगतबाट उठेर परिवर्तनको लहर चलाइरहेका छन्, तिनीहरू जनताको समर्थनमा विश्वास गरेर जवाफदेहीपूर्ण राजनीतिक परिवर्तन ल्याउने भनेर अग्रसर भएका छन् । पुराना संगठित दलहरू र नयाँ दलहरूवीच द्वन्द्व छ । यो द्वन्द्वको छेउकुना परम्परागत शक्ति पनि छ । यो द्वन्द्वको परिणाम के हुने हो ? जनताले कुन प्रकारको जनादेश दिने हुन् ? देश कसको नेतृत्वमा अघि बढ्ने हो ? सवालको जवाफ फागुन २१ को निर्वाचनले दिनेछ ।

चीनका राष्ट्रपति सीजिन पिङले खुला अर्थनीति अँगालेर चीनलाई विश्वशक्ति त बनाए, तिनै सीजिन पिङले नेताका सम्पत्ति सबै राष्ट्रको हुने घोषणा गरेका छन् र बेलायतमा नाम चलेका नेपाली प्रोफेसर कुलबहादुर लुइटेलका अनुसार बृटिस दृष्टिमा कम्युनिजम विश्वमा असफल शिद्ध राजनैतिक व्यवस्था हो । अर्थात कम्युनिष्ट सपनामा भुलाउने गफ हो, राष्ट्रवाद बलियो पार्ने अभियान होइन ।

भनिन्छ प्रजातन्त्रको बिकल्प प्रजातन्त्र नै हो । तर प्रजातन्त्र बोकेको कांग्रेसले बहुदल आएपछिका ३७ वर्षलाई कालरात्रिमय बनाइदियो । यसकारण कांग्रेसका सलहजस्ता कार्यकर्ता सेलाइसकेका छन् । भदौ २३ गतेको आन्दोलनपछि महिना दिनसम्म म कांग्रेस हुँ, म संसदवादी हुँ भन्ने एकजना नेता सडकमा देखिएनन् ।

सर्वहारावादी माओवादीले चोला फेर्‍यो । नेकपा नामाकरण गरेर २ दर्जन पार्टी मिलाएर चुनाव जित्ने दौडमा छ । नयाँ पुस्ताको भिडमभिड समर्थन र प्रचार देखेर आत्तिएका कांग्रेस, एमाले, माओवादीले आफूलाई सर्कसमा सजाइने हो कि भन्ने भय पालेर चुनावमा घिस्रिदै गरेका देखिदैछ ।

परिवर्तन भयो, परिवर्तन आयो । नयाँ परिवर्तन फागुन २१ ले ल्याउने छ । कांग्रेस, माओवादी, एमालेलाई जनताले बैकुण्ठ दिएका थिए, कुकर्म गर्दा गर्दा बैकुण्ठ खोसिने अनुमान नेपालदेखि वाशिङ्टनसम्म, दिल्लीदेखि बेइजिङ्सम्म हुन थालिसकेको देखिन्छ ।

फागुन २१ को चुनावले ८९ सिटको कांग्रेस आधा साँघुरिने, ७८ सिटे एमाले र ३२ सिटे माओवादी पनि अर्धकट्टीजस्तो देखिन्छ भन्ने विश्लेषण हुनथालिसकेको छ । बिगत १९ वर्षमा लोकतान्त्रिक शासन व्यवस्थामा कम्युनिष्टको जित, कम्युनिष्टको दबदबा । यो आश्चर्य देखियो । कांगेसको कम्युनिष्टकरण, एमालेको बहुमतको निरंकूता सबै देखियो । योभन्दा आश्चर्य त नयाँ नेपाल बनाउँछु भन्नेहरूको निरंकूशता, परिवारवाद, व्यभिचारवाद, राजनीतिक अपराधिकरण, भ्रष्टाचारको साम्राज्य चरित्र पनि देखियो । यी सबैले जनविश्वास गुमाएर घृणाको थुप्रो बनिसकेको वर्तमान पनि देखियो ।

यसकारण प्रश्न उठेको हो- नयाँले पुरानालाई फागुन २१ मा बिश्राम दिन सक्लान् ? जनलहर देखिएको छ, यही अनुसारको मतदान लहर दखिएला ?

जव जनता जनता जोड्न सकिन्न, त्यो देशको आधार जहिले पनि बालुवाको ढिस्को जस्तो हुनेगर्छ । कांग्रेस, एमाले, माओवादी करोडीमल, शेखहरूले देशका १ सय २६ भन्दा धेरै जातिलाई जोड्ने होइन, यिनलाई फोडेर यिनको हक खोस्ने, भोट बैंक निर्माण गर्नमै व्यस्त र मस्त रहे । धर्मनिरपेक्षता र संघीयता नाममा पनि यिनले देशलाई लुट्नुसम्म लुटे । संवैधानिक शासन, अग्रगमन, गणतन्त्र, समानता र समृद्धिका पुराना दलका हात्तीका जस्ता देखाउने दाँत मात्रै थिए । फागुन २१ को चुनाव पुराना दलका लागि मृत्युघण्टा बजेजस्तो हुने त होइन ? हेर्नुछ, जनताले कुन प्रकारको जनादेश दिनेछ ।







# कुशासनले निम्त्याएको जेनजी आन्दोलन पछि पनि उस्तै



उमेशप्रसाद मैनाली

नेपालका नामी प्रशासक हुन् उमेशप्रसाद मैनाली । उनका अनुसार कुशासनले निम्त्याएको जेनजी आन्दोलनपछि पनि उस्तै भनेर निराशा प्रकट गरेका छन् । उमेशप्रसाद मैनालीको मूल्याङ्कन अनुसार-

सन् १९९० अघिसम्म 'सरकार' नै 'शासन'को पर्यायवाची मानिन्थ्यो । यसपछि यसलाई प्रिथक अर्थबोध हुनेगरी परिभाषित गर्न थालियो । सरकार ( गभर्नमेन्ट) ले राजनीतिक समुदायको आन्तरिक र बाह्य स्वार्थहरूका लागि सार्वभौमसत्ताको अभ्यास गर्ने संरचनात्मक व्यवस्थालाई जनाउँछ भने शासन ( गभर्नेन्स) ले समाजको हितका लागि आधिकारिक निर्णयका लागि अवलम्बन गर्नुपर्ने प्रक्रिया परिणामलाई बुझाउँछ ।

त्यसैले सरकारको परिभाषा संकुचित भएकै कारण 'शासन' शब्दले यसको व्यापकतालाई समेटेको छ । पुरानो राज्यकेन्द्रित शासन प्रणालीलाई जनताकेन्द्रित वा समाजकेन्द्रित बनाउनु नै 'शासन' को अवधारणा हो, जहाँ औपचारिक र अनौपचारिक संस्थाहरूले साझेदारीमा काम गरिराखेका हुन्छन् । कार्यसञ्जाल, साझेदारी र परामर्श मञ्चहरूबाट काम हुने हुँदा 'सरकार बिनाको शासन' र 'राजनीतिविनाको नीति' पनि सम्भव भएको छ । बहुर्राष्ट्रिय कम्पनीहरू, राज्यबाहिरका अन्तर्राष्ट्रिय संस्थाहरू र भू-मण्डलीय शासन यसका उदाहरण हुन् ।

'शासन'मा असल गुणहरू थपिदिएमा 'सुशासन' हुन जान्छ । त्यसैले 'गभर्नेन्स' का विशेषताहरूले सुशासनका सबै तत्वहरू समेट्ने हुँदा प्रायः 'गभर्नेन्स' बोलचालमा प्रयोग हुने गर्छ । कर्पोरेट गभर्नेन्स, ग्लोबल गभर्नेन्स, फेडरल गभर्नेन्स जस्ता शब्दहरू शासकीय साहित्य भण्डारमा प्रयोगमा छन् ।

सारमा सुशासन शासकीय व्यवस्थापनको त्यो पराकाष्ठा हो, जहाँ नागरिकहरू सुरक्षित महसुस गर्छन्, न्यायको अनुभूति गर्छन्, अधिकार सम्पन्न हुन्छन् र सार्वजनिक सेवाहरू सहज सरल रूपमा प्राप्त गर्छन् ।

नेपालमा हिजोआज 'सुशासन' सबैको भट्याउने शब्द बनेको देखिन्छ । दाताहरूको भाषण होस् वा कर्मचारीको गोष्ठी, दाताहरूको शर्त होस् वा बुद्धिजीवीहरूको उपदेश सबैमा यो शब्द भाका मिलाउने लोली बनेको छ । यस्तो किन भइरहेछ भने सुशासनबेगर न राज्यको औचित्य सावित हुन्छ न त सरकारको वैधानिकता नै सिध्द हुन्छ ।

त्यसैले सरकार सफल छ भन्ने देखाउन देशमा सुशासन भएको र आफूले रामराज्य नै दिएको भ्रम छर्ने गर्छन् । सुशासनको 'बजवर्ड' र नारा त्यसले बढी दिन्छ जसले यसको प्रवर्धनमा माखा मारेको छैन । देशमा 'सुशासन' छ भने दिनदिनै भट्याउन नै पर्दैन ।

चिनियाँ दार्शनिक लाओत्सुले भनेका थिए, 'राजहंसलाई सेतो हुन दैनिक नुहाउन पर्दैन र कागलाई कालो रङ नपोते पनि कालै हुन्छ' । जसमा जे छैन त्यसले त्यही छ भन्छ ।

नेपालमा सुशासनको अवस्था कमजोर रहेको तथ्य राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूको रिपोर्ट र जनताको धारणाबाट बुझ्न सकिन्छ । विश्व बैंकको 'वर्ल्ड गभर्नेन्स इन्डेक्स, २०२३' मा नेपालमा सुशासनको स्थिति नकारात्मक देखाइएको छ । ट्रान्सपेरेन्सी इन्टरनेशनलको सन् २०२४ को प्रतिवेदनमा सिपिआईमा नेपालको प्राप्ताङ्क ३४ र १०७ औं स्थानमा देखाएको छ । ५० भन्दा कम प्राप्ताङ्क हुने देशहरूलाई भ्रष्ट देशहरूको क्रममा राख्ने गरिन्छ । दुखलाग्दो कुरा प्राप्ताङ्क घटेको छ ।

त्यस्तै 'वर्ल्ड जस्टिस् प्रोजेक्ट,२०२४' को प्रतिवेदनमा नेपाल ६९ औं स्थानमा परेको छ जुन सार्कका देशहरूमा पहिलो हो । 'वर्ल्ड इकोनोमी' नामको संस्थाको २०२५ को प्रतिवेदनमा नेपालको सुशासनको स्थिति (गभर्नेन्स रेटिङ) मा ४५ स्कोर सहित 'सी' वर्गमा परेको छ । यो भन्दा पनि चिन्ताको विषय जनताको धारणा सुशासनका सन्दर्भमा निकै नकारात्मक देखिएको छ । जनताको आशामाथि धोखा भयो भने उनीहरूमा 'निराशाको मौन क्रान्ति' भुसको आगो जस्तै भित्रभित्रै सल्किँदै जान्छ । यसको विष्फोटले सरकार मात्रै होइन राजनीतिक प्रणालीलाई नै सिध्याउन सक्छ ।

कुनै पनि राजनीतिक प्रणाली आफैँमा साध्य होइन, सुशासनको साधन मात्र हो । साध्यले साधनसँग सम्झौता गर्न सक्दैन । 'सुशासन' जनताको अनुभूतिमा खोज्नुपर्छ । उनीहरूले 'कुशासन' को अनुभूति गर्न थाले भने सरकारलगायत सुशासनका पात्रहरूको वैधानिकतामा प्रश्न उठ्न थाल्छ । सुशासनका पात्र भनेका सरकार, राज्यका अवयवहरू, राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज हुन् ।

यसबाहेक किचेन क्याविनेट्, सल्लाहकारहरू, ठूला व्यापारिक घराना, बिचौलिया र संगठित अपराधिक समूहहरूले सुशासनका लागि नकारात्मक वा सकारात्मक प्रभाव पार्न सक्छन् । जनताले सामान्य सार्वजनिक सेवा प्राप्त गर्न घुस दिनुपरेको, सेवा वितरण निष्पक्ष नभएको, ढिलासुस्ती र रूखो व्यवहारले सास्ती खेप्नु परेको अनेक सर्वेक्षणहरूले देखाएको छ ।

(विचारको सारसंक्षेप)

# विश्वबैंकको ९५ मिलियन डलर

विश्व बैंकको कार्यकारी निर्देशक बोर्डले १ लाख बढी साना तथा मझौला उद्यम (एसएमई) का लागि वित्तमा पहुँच विस्तार गर्न र नेपालमा रोजगारी नेतृत्व वृद्धिलाई प्रवर्द्धन गर्न ९ करोड ५० लाख अमेरिकी डलर अनुदान दिएको छ ।

सरकारका अनुसार 'यो सहयोगले जोखिम बाँडफाँट विस्तार गर्न, वित्तीय दिगोपना बढाउन र महिला नेतृत्वमा रहेका व्यवसाय जस्ता सुविधाबाट वञ्चित क्षेत्रका लागि उत्पादन विस्तार गराउन नेपालको निक्षेप तथा ऋण ग्यारेन्टी कोष (डीजीसीएफ) लाई बलियो बनाउनेछ,' माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि विश्व बैंकका कन्ट्री डिभिजन निर्देशक डेभिड सिस्लेनका अनुसार 'वित्तमा पहुँच सहज बनाएर र लेनदेन अवरोध कम गरेर वित्तीय समावेशीकरणलाई फराकिलो बनाउनेछ । क्षेत्रीय र विश्वव्यापी मूल्य शृखलामा एसएमईलाई समर्थन गर्नेछ र रोजगारी सिर्जना एवं निजी क्षेत्रको नेतृत्वमा वृद्धिलाई बढावा दिन मद्दत गर्नेछ ।' विश्व बैंक र अन्य दातृ निकायले सेवाबाट वञ्चित वर्गका लागि वित्त पहुँचमा निरन्तर आर्थिक प्राथमिकता दिँदै आएका छन् ।

तर यस प्रकारले नेपाल भित्रिने रकमको सदुपयोग भए नभएको र उपलब्धि के के भयो भन्ने विषय कागजमा सिमित हुनेगरेको छ । जुन आपत्तिपूर्ण मानिएको छ ।

# छोरीलाई शेषपछिको बकस दिन पाइने

शेषपछिको बकसपत्रमा सर्वोच्च अदालतले नयाँ बाख्या गरेको छ ।

बाबुआमाले छोरीलाई सम्पत्ति दिँदा छोराको मञ्जुरी आवश्यक हुनेछैन ।

सर्वोच्च अदालतले बाबु-आमाले आफ्नो अंश हक लाग्ने सम्पत्तिबाट छोरीलाई शेषपछि खाने गरी बकसपत्र गर्दा छोराको मञ्जुरी लिनुपर्ने कुनै कानुनी बाध्यता नरहेको व्याख्या गरेको छ । ईश्वरप्रसाद खतिवडा र न्यायाधीश हरिप्रसाद फुयालको इजलासले वृद्ध अवस्थाका मातापिताले आफ्नो पालनपोषण तथा हेरचाह गर्ने छोरीलाई आफ्नो हक पुग्ने सम्पत्तिबाट शेषपछिको बकसपत्र गरिदिनु अनुचित वा कानुनविपरीत कार्य नहुने ठहर गरेको हो । फैसलाअनुसार 'छोरा भएकै आधारमा माताबाबुको सम्पत्तिमा स्वतः हक स्थापित हुँदैन । सम्पत्ति प्राप्तिको अधिकार सामाजिक, सांस्कृतिक तथा धार्मिक कर्तव्यसँग पनि जोडिएको हुने उल्लेख गर्दै जीवित छउन्जेल बाबुको वास्ता नगर्ने छोराले बाबु मरेपछि केवल काजक्रिया गरेको कारण देखाई सम्पूर्ण सम्पत्तिमा हक दाबी गर्नु मनासिब देखिदैन ।' यो फैसला नवलपरासीका नवलपरासीका डोलदेव जोशीले आफ्नो हक लाग्ने सम्पत्तिमध्ये आधाभन्दा कम हिस्सा छोरीहरू सकुन्तला जोशी र सुष्मा कार्कीलाई शेषपछिको बकसपत्र गरेको मुद्दामा भएको हो । उक्त बकसपत्र बदरको माग गर्दै उनका कान्छा छोरा सुदर्शन जोशीले जिल्ला अदालत नवलपरासीमा मुद्दा दायर गरेपछि यो मुद्दा २०६९/०३/१० देखि चलेको थियो ।

अदालतहरूमा सबैभन्दा बढी मुद्दा अंश र सम्बन्ध विच्छेदका रहेका छन् । समाजमा बढेको बिकृति र बिसंगतिका कारण यस प्रकारका मुद्दा बढेकाले अदालतले यस्ता मुद्दाहरूमा कडीकडाउ र छिटो छरितो फैसला दिनुपर्छ । किनकि यस प्रकारका मुद्दाबाट बुढाबुढी पीडित छन् र अकालमा तिनको ज्यान जाने खतरा पनि बढेको छ ।

# सुनभन्दा महगो यार्चागुम्वा : कहिले चिन्छ नेपालले ?

**यार्चागुम्वा** – Cordyceps



सुन सम्पत्ति हो, यो सम्पत्तिले जीवन किन्न सकिन्न । तर यार्चागुम्वाले जीवन निरोगी बनाउन सक्छ, जीवनलाई निरोगी र मानसिक, शारीरिक र यौनस्वास्थ्य समेत प्रदान गर्नसक्छ । नेपालको यार्चागुम्वा विश्वमै उच्चस्तरको मानिएको छ । तर नेपालले अझै यार्चागुम्वाको सदुपयोग गरेन, चिनेन ।

यार्चागुम्वा चीन र नेपालको परम्परागत जडिबुटी हो । यो तिब्बत ,चीन र नेपालको उच्च पहाडी भु( भागहरूमा पाइने पौष्टिक तत्वहरूले भरिपूर्ण हुने एक प्रकारको ढुसि प्रजातिको वनस्पति जडिबुटीको पौष्टिक खाद्यान्न बस्तु जस्तै हो ।

यार्चागुम्वामा पाइने सक्रिय पौष्टिक तत्वहरूमा यार्चागुम्वाको अमिनो एसिड, ग्लुटामिक अम्ल, पोलिशयाकराईड र भिटामिन B-12 प्रमुख हुन् । आधुनिक बैज्ञानिक अनुसन्धान अनुसार यसलाई लामो समय सम्म लगातार सेवन गरेमा शरीरलाई किटाणुहरूको बाह्य आक्रमन हुनबाट बचाएर आन्तरिक अङ्गहरूको कार्यक्षमता र रोगप्रतिरोधात्मक क्षमता Immune system लाई बलियो पार्छ र मानिसहरूको आयु बढाउँछ । यस्ले स्वास प्रस्वास, निमोनिया, रूघाखोकी, पुरानो ब्रोनकाइटिश, फोक्सो, मृगौला, क्षयरोग TB आदिको प्रभावकारि उपचार गरेर निरोगी बनाउँछ ।

धार्मिक ग्रन्थहरूमा यार्चागुम्वुलाई संजीवनीबुटि भनिएको छ । चिनियाहरूले २००० वर्ष देखि यसलाई शक्तिबर्द्धक औषधिको रूपमा प्रयोग गर्दै आईरहेका छन् । यो बहुपोषक वनस्पति औषधि भएकोले यसलाई शक्तिबर्द्धक, यौन बर्द्धक र रगत बढाउने औषधिको रूपमा पनि प्रयोग गरिन्छ ।

यसलाई स्मरणशक्ति बढाउने, हातखुट्टाको जोर्नि दुखेको निको पार्ने, हेपाटाइटिस -बि, क्षयरोग, खोकि, मुटु र रगत सम्बन्धि रोगहरू निको पार्ने औषधिको रूपमा पनि प्रयोग गर्न सकिन्छ । नेपाल हर्वल उत्पादन संघद्वारा प्रकाशित यार्चागुम्वा नामक किताबमा यार्चागुम्वाको प्रयोग गरेर उत्पादन गरेको जिन्सुई नामको क्याप्सुलले थकाइ मेटाउने, महिला र पुरूसको नपुंकसता र कमजोरी हटाइ यौनशक्ति बढाउनको लागि साह्रै लाभदायक हुन्छ भनी उल्लेख गरिएको छ ।

यार्चागुम्वा, cordyceps लाई नियमित सेवन गरेमा निम्न रोगहरूको प्रभावकारी उपचार हुन्छ -

१) निमोनियाँ ,रूघाखोकी ,ब्रोनकाइटिस, पुरानो दम, फोक्सोको रोग र क्षयरोग ।

२) यसले शरीरको प्रतिरक्षा प्रणाली बलियो पारि मृगौला सम्बन्धि सबै रोगलाई निको पार्न सहयोग पुऱ्याउँछ ।

३) पाचन सम्बन्धि ,पेटका रोग, ग्यास्ट्रिक, झाडापखाला, आदिको उपचार गर्छ ।

४) खाना रूचि नहुने अरूचिको रोगमा भोग जगाउँछ ।

५) चाँडै थकान हुने समस्या हटाउँछ ।

६) हाडजोर्नी कम्मर र गोलिगाँठो दुख्ने, युरिक एसिडको उपचार ।

७) कोलेष्ट्रेलको लेभललाई सन्तुलन पारि नर्मलमा राख्दछ ।

८) सहने क्षमता, शारीरिक र मानसिक क्षमता बृद्धी गर्छ ।

९) क्यान्सर विपरीतको प्राकृतिक तत्वहरू निर्माण गर्छ ।

१०) रक्तचाप सन्तुलन र नर्मलमा राख्न सहयोग गर्दछ ।

११) जवानी कायम राख्न र बुढ्याउलीपना आउन रोक्छ ।

१२) रक्त निर्माण र शुद्धीकरण गर्छ

१३) ग्यास्ट्रोइन्टेस्टिटाइन जस्तैः डायरिया,क्रयाम्प आदि नियन्त्रण गर्छ ।

१४) निद्रा नलाग्ने समस्या बाट छुटकारा दिन सहयोग गर्छ ।

१५) खराब लत र खराब खानेकुरा खानेबानि नियन्त्रण गर्ने काम गर्छ ।


१६) रगतमा चिनिको मात्रा सन्तुलन र नर्मल गर्ने काम गर्छ ।

१७) स्मरण शक्ति वृद्धि गर्छ ।

१८) महिला र पुरूषको यौन कमजोरी हटाएर शक्ति बढाउने काम गर्छ ।

१९) कलेजो रोग निको पार्न सहयोगीका रूपमा काम गर्छ ।

२०) सबै उमेरका स्वास्थ र निरोगि मानिसले पनि सेवन गर्ने गरेमा झनै स्वास्थ र निरोगी भएर बाँच्न सकिन्छ ।




*जिम्मेवार पत्रकारिताका लागि पत्रकार आचारसंहिता पालना गरौं ।*

# कश्मीरसम्बन्धी राष्ट्रसंघीय प्रस्ताव कार्यान्वयन गर्न पाकिस्तानको आग्रह

राष्ट्रिय समाचार समिति (रासस)

काठमाडौं,२२ माघःकाठमाडौं, २२ माघः नेपालका लागि पाकिस्तानी राजदूत अबरार हाश्मीले कश्मीरसम्बन्धी दीर्घकालीन विवादको समाधान संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव ४७ को पूर्ण कार्यान्वयनबाट मात्र सम्भव हुने बताउनुभएको छ ।


कश्मीर एकता दिवसका अवसरमा आज यहाँस्थित दूतावासमा आयोजित कार्यक्रममा राजदूत हाश्मीले उक्त प्रस्तावले समस्या समाधानका लागि स्पष्ट कार्ययोजना प्रस्तुत गरेको उल्लेख गर्नुभयो । प्रस्तावमा भारत र पाकिस्तानबीच युद्धविराम, कश्मिरबाट सैन्य बल फिर्ता तथा जम्मु-कश्मीरका जनतालाई आफ्नो भविष्य स्वयं निर्धारण गर्न स्वतन्त्र तथा निष्पक्ष जनमतसङ्ग्रहको व्यवस्था गरिएको छ ।



संयुक्त राष्ट्रसङ्घले सुनिश्चित गरेको कश्मीरी जनताको आत्मनिर्णयको अधिकारसम्बन्धी प्रस्ताव पारित भएको सात दशक बितिसक्दा पनि अझै पूरा हुन नसकेकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो । कश्मीरसम्बन्धी संयुक्त राष्ट्रका प्रस्तावहरूको कार्यान्वयन सुनिश्चित गर्न अन्तरराष्ट्रिय समुदायले अझ सक्रिय भूमिका निर्वाह गर्नुपर्नेमा राजदूत हाश्मीले जोड दिनुभयो ।

कश्मीर एकता दिवस कश्मीरी जनताप्रति ऐक्यबद्धता प्रकट गर्न तथा कश्मीर विवाद अझै समाधान हुन नसकेको अवस्थालाई उजागर गर्न वर्षेनी मनाइने गरिन्छ ।

# ह्वेनसाङ र चाणक्य






सवाल आफू बसेको कुटीमा बालेको टुकीको थियो । जब कुरा गर्न चिनियाँ यात्री ह्वेन साङ कुटीमा पसे, तव चाणक्यले एउटा टुकी निभाएर अर्को टुकी बाले । चाणक्यले निजी काम गर्दा निजी सम्पत्ति र सरकारी काम गर्दा सरकारी सम्पत्तिको उपयोग गरेको देखेर चिनियाँ यात्री ह्वेन साङ् उतिबेला चकित परेका थिए । यो हो राजनीतिको सिद्धान्त ।

अहिले त सबै पार्टीको हुन्छ । सबै निजी हुन्छ । सार्वजनिक सम्पत्तिमा जति लूट मच्चाउन सक्यो, उति लोकतान्त्रिक हुने गरेको छ । सत्ताधारीको पार्टी पालेस हो कि देशको प्रधानमन्त्री निवास हो, छुट्याउनै मुस्किल पर्ने दिन आयो । राजनीतिको व्यापारिकरणले शासन प्रशासन सबै कुरा प्रदूषित बनाइदिएको छ । नीति, नैतिकता, आचरण मात्र होइन, लोकलज्जासँग पनि कोही डराउँदैनन् । तैपनि नागरिक यस्ता गैरजिम्मेदार क्रियाकलापमा खबरदारी गर्दैनन्, प्रतिपक्ष भनिने साँढे उग्राए झैं गरेर बसेको देखिन्छ । चुनावका बेलामा एकले अर्कोको खुब आलोचना गर्छन् । चुनावपछि सबै भाग शान्ति जय नेपालमा रमाइरहेको देखिएकै हो । मासु भात, खर्च पानी बाँडेर चुनाव जित्ने, चुनाव जितेपछि तिनै जनताको हक खोसेर भएको र पछिको चुनाव खर्च जुटाउने । आफन्तलाई पोस्ने, कार्यकर्ता पाल्ने, डनगिरी चलाउने, यही हो चुनावी रणनीति । यतिले नपुगे विदेशीका पाउमा लम्पसार पर्ने ।

बारम्बारको चुनावमा र चुनावपछि देखिएको दृश्य यही हो । हिजो सत्ता र प्रतिपक्षको धर्म न कुनै दल वा नेताले निर्वाह गरे, न भविष्यमा नै गर्नेछन् । किनकि अहिले पनि चुनाव आइसकेको छ र पुरानै शैली हरेकमा देखिन्छ । देश र जनताका लागि के गर्ने हो, त्यसको खाका कुनै पनि उमेदवारले सार्वजनिक गरेका छैनन् । जतिसुकै ठूलो बिद्रोहपछि बनेको सरकार होस्, पछि आउने नेताको छायाँ छवि होस्, उस्तै चरित्रका देखिदैछन् ।

लोकतन्त्र नेतातन्त्र, व्यक्तितन्त्र, भ्रष्टतन्त्र बनेको थियो, नागरिक शक्तिशाली, कानुनको रक्षा गर्ने अदालत नभएपछि शासन प्रशासन फितलो हुनेरहेछ । लोकतन्त्रमा खोजेको चाणक्यको जस्तो राजनीति हो, जुन अझै कोसौं टाढा छ ।

### In the context of The 100 years of Birthday Anniversary of Dor Bdr. Bista and Dor Foundation

# My new lessons and need of promoting Dor Foundation in Nepal

**By Uttam Karmacharya**



I was so fortunate to get an invitation to attend The 100 years of Birthday Anniversary of Respectable Professor Dor Bdr. Bista with a group of Bhaktapur District Members of Rastriya Shakti Nepal led by the District chair Mr. Narayan Pd. Songmikhaa and co-chair Mr. Laba Thapa on 26 January Sunday in Patan at the residence of former Minister Respectable Keshar Bdr. Bista amid Distinguished Respectable Rastriya Shakti Nepal Central members and well-wisher of Rastriya Shakti Nepal 's Heros and builders of different Districts.

*1. Biography of Professor Dor Bdr. Bista*

Bibliography of Social Scientific Writings by Dor Bahadur Bista, introduced and compiled by Gaurab KC and Pratyoush Onta in 2013 Dor Bahadur Bista was born on 15 April 1928 in a village called Jharuarasi, Lalitpur. He was a member of the first generation of selftrained (in terms of a strict formal degree) Nepali anthropologists and is remembered for his prominent role in the institutionalization of the discipline in the country. This is why he is referred to as the 'Father of Nepali Anthropology.'

Bista completed his bachelor degree from TriChandra College, Kathmandu in 1952. From 1952 to 1957, he served as the headmaster of the government school, Adarsha Kanya Niketan in Patan. In mid1957 he resigned from that position to assist the Austrian anthropologist Christoph von FürerHaimendorf from the School of Oriental and African Studies (SOAS), University of London during his field research on the Sherpa, Rai, Limbu, Tamang, Gurung and Chhetri of Nepal. That initial job lasted through spring 1958. In fall 1960, Bista was invited to SOAS by the linguist T.W. Clark to assist him in his Nepali textbook which was eventually published in 1963 as Introduction to Nepali. Later on Bista was appointed as a Nepali language tutor and he also joined the undergraduate course at SOAS. After completing a one year course on 'Indian Ethnography' at SOAS in 1961 (for which he received a diploma), Bista enrolled in the Graduate Program in Anthropology at the same institution but was not able to continue his studies beyond 1962 for various reasons. He returned to Nepal and worked as a research specialist for USAIDNepal between 1963 and 1968. Between 1969 and 1975 he served the Nepal Government in various capacities including the position of the Consul General in Lhasa for almost three years.


In 1978, Bista was made a Professor of Anthropology and the Executive Director of the Centre for Nepal and Asian Studies (CNAS) at Tribhuvan University(TU). Prioritized research at CNAS and provided opportunities to many young researchers. He was also able to build the current office building of CNAS inside the TU premises in Kirtipur during his tenure which lasted until 1981. In the meantime, he also played a crucial role in the founding of the Central Department of Sociology and Anthropology in TU in 1981. He chaired this department between 1982 and 1984. He was actively engaged in making the MA curriculum and in teaching the initial cohorts of Nepali students enrolled in these two disciplines at TU. He was one of the founders of the Sociological and Anthropological Society of Nepal (SASON, est. 1985) and served as its President from 1985 to 1990. In 1986 he was elected an honorary fellow of the Royal Anthropological Institute (RAI) of Great Britain and Ireland. He founded the Karnali Institute in Chaudhabisa, Jumla in the year 1990 and started spending large parts of the year there doing development oriented, social and academic work. On the way back to Kathmandu from Jumla, Bista went missing from Nepalgunj on 11 January 1996 and has not been seen since.



Bista published several articles in various journals and edited volumes, and several books between the late 1950s and the mid 1990s. In particular, two of his books, People of Nepal (1967) and Fatalism and Development: Nepal's Struggle for Modernization (1991) have been reprinted several times and have been widely read and discussed. Bista also wrote essays for journalistic publications both in Nepali and English and published fictional writings in Nepali. A comprehensive bibliography of all of Bista's published and unpublished writings is yet to be prepared. Here we provide an incomplete list of his social scientific writings only. This list is based on Bista's CV and related information provided to them by his family members. It is also based on bibliographic research they have done in the holdings of Martin Chautari Library and T U Central Library.

*2.Key note speakers*

The meeting started with introducing Keshar Bdr. Bista himself as a Master of the Ceremony in a very non-formal way . Mr. Keshar Bdr. was kind enough to introduce firstly the support and contributions of Himalayan Book Publishing Company to publish time and again different books written by Professor Dor Bdr. Bista and royalty for the support to the family to date . The English book publication entitled Fatalism and Development in Nepal which was displayed during the anniversary celebration amid huge gatherings of distinguished invitees from different backgrounds and walks of life. The Second Gentleman introduced was the coordinator / Director of the Dor Foundation film makers group : Mr. Sachin Ghimire and Mr. Gaurab KC. They were kind enough to explain the importance and significance of the film, its completion with the painstaking efforts of more than 12 years and film show in different countries including several times documentary show in Nepal produced by the Dor Bdr. Foundation script writing and research done by Biraj Bdr. Bista The Third person introduced was a gentleman of Jumlaa who knew Professor Dor Bdr . Bista very well-travelled from Kathmandu Jumlaa and Nepaljunga several times and aware of his mysteriously disappeared on the way from Jumlaa to Nepaljunga around 30 years back . He was Mr.Navaraj Shahi.



The fourth person introduced by Keshar Bdr. Bista was myself as a teacher of College of Education Laboratory School when he was studying in grade nine and coordinator of the newly preparing First Resource Book of Rastriya Shakti Nepal 2082.

I was so lucky to have the opportunity to speak few words regarding the contribution of Professor Dor Bdr. Bista and his book Fatalism and Development of Nepal. I got chance to study his book when I was studying in the college in 1964.

Before joining to the kind invitation I asked to know biography of the professor Dor Bdr. Bista to his grandson former Minister Biraj Bdr. Bista . He was kind enough to send me the website of the biography of his grandfather. Going through the PDF website I became more aware of the life profile of Professor Dor Bdr. Bista as The father of Nepalese Anthropology; Bachelor Degree in Indian Ethnography; study in University of London,

Occupation, Anthropologist, and Activist. Professor Bista has written and published more than Eight Books in Nepali and English Language. He also published more than 48 articles Nepali and English Language in different national and international newspapers before his mysteriously disappearing in 1995. During such an august family gathering we / I was very lucky to know about the auspicious establishment of the Dor Bdr. Bista Foundation as explained by the former Minister Keshar Bdr. Bista and financial status of the fund collection more than ten lacks in Nepali currency. I was extremely glad to learn more about the Foundation and Documentary show in several countries and fund collection.

( Professor Dr. Uttam K. Karmacharya (Ph.D) presently working as a Board of Director of Dr. Iwamura Hospital Memorial Hospital and Iwamura College of Health Science. Prof. Karmacharya of Tribhuvan University was a former Resource Person for China ( Unesco Nanjing), Denmark, World Education, Banepa Municipality and LRCs of Indonesia, Iran, Myanmar, the Philippines, SriLanka, Thailand, (Unesco Bangkok).Former Secretary General , National Resources Center for NFE (NRC-NFE) ACCU Japan / Nepal and Director, Centerfor Education for All (CEFA) Banepa Nepal.)

# Digital Trucks in New York Flash Message: Kashmir Is Not Forgotten

**Ghulam-Nabi Fai** / New York. February 5, 2026

Radiant and impossible to ignore, digital advertising trucks bearing the message "Kashmir Is Not Forgotten: February 5th – Day of Solidarity" rolled through the most visible and symbolic locations of New York City, including the United Nations headquarters, Times Square, Freedom Tower, CenturyTel Park, and areas surrounding foreign UN missions.

Dr. Ghulam Nabi Fai, Chairman, World Forum for Peace & Justice said that the mobile LED trucks—an innovative form of outreach equipped with high-resolution digital screens—deliver messages to an estimated 40,000 to 50,000 people per day, including diplomats, tourists, observers, and ordinary Americans. Their presence sent a clear and unambiguous message: Kashmiris are not alone. The global Kashmiri diaspora stands shoulder to shoulder with the people of Kashmir.

Dr. Fai added that "The continued silence of the international community on this long-standing dispute is deeply troubling. It appears that India is being given a free hand to inflict grave human rights violations on the people of Kashmir. A conflict with clear potential to escalate into a nuclear confrontation is receiving far less attention than its gravity demands. The consequences of such neglect could be catastrophic—not only for the region, but for global peace and security."

Rented by the Washington-based World Kashmir Awareness Forum (WKAF), the digital trucks also displayed messages calling for accountability and international responsibility, including: "India Involved in Genocide: Kashmiris Demand Plebiscite"; "Freedom for all: Freedom for Kashmir"; "India Criminalizes Press Freedom in Kashmir"; "Indian Forces on Killing Spree: Kashmir Need to Be Set Free"; "Kashmir Facing Existential Threat: United States Needs to Act"; "Kashmiris Reject Indian Occupation: UN Resolution only Solution"; Modi Guilty of Crimes Against Humanity in Kashmir."

Dr. Ghulam N. Mir, President, World Kashmir Awareness Forum said that although first proposed by late Qazi Hussain Ahmad in 1990, Kashmir Solidarity Day has come to be memorialized by Kashmiri and Pakistani people of all political and religious persuasions ever since. It is one of many such days we Kashmiris have etched in our memories ever since thousands of Indians invaded, plundered, burnt down and set up shop to steal whatever they wished for the ensuing 79 years.

Dr. Mir added that World's silence amounts to acquiescence, culpability and tacit support for the ongoing state of terror and tyranny. All we are asking that people all around the world stand in solidarity with us speak out against the evil India is perpetuating in Kashmir.

Dr. Imtiaz Khan, Kashmiri American scholar said that land seizures by occupation forces continue at a disturbing pace. Thousands of acres have reportedly been taken over, depriving Kashmiris of their property while armed Hindu militias are settled on confiscated lands. These actions threaten the social fabric of the region and further entrench instability.

Dr. Khan added that the time for empty statements has passed. India has consistently refused to honor its commitments or engage meaningfully toward a just resolution. The international community must move beyond rhetoric and consider concrete measures, including censure and sanctions, to uphold international law. Failure to act risks allowing this protracted conflict to spiral into a major conflagration with global repercussions.

Raja Mukhtar, Chief spokesman, JKLF, North America said that a durable and peaceful resolution of the Kashmir dispute—in accordance with the aspirations of the people of Jammu and Kashmir—is essential for lasting peace in South Asia. Such a settlement would significantly enhance international peace and security.




Sardar Taj Khan, Vice Chairman, Kashmir Mission, USA said that all parties to the conflict—India, Pakistan, and the Kashmiri people—must engage in dialogue with mutual respect. Kashmiris must be recognized as the primary party to the dispute and given the opportunity to decide their future freely, without external pressure. Credible third-party mediation can help bring all stakeholders to the negotiating table.

Advocate Sardar Imtiaz Khan Garalvi, General Secretary, Kashmir Mission, USA said that with nearly 900,000 Indian military and paramilitary forces deployed, Kashmir has become one of the most heavily militarized regions in the world. There is no military solution to this conflict. Kashmir is a political issue and must be resolved through political means.

Sardar Zarif Khan, President, Kashmir American Welfare Association (KAWA) sad that the global Kashmiri diaspora has a responsibility to internationalize this issue and educate policymakers—particularly in the United States—about the realities on the ground. World powers must respect the legal status of Kashmir as recognized by the United Nations and act to prevent a crisis that could endanger millions of lives.




Sardar Sajid Sawar, young Kashmiri youth leader urged the United Nations and its Member States to move beyond expressions of concern and to take meaningful steps consistent with the purposes and principles of the UN Charter. This includes reaffirming commitments to peaceful dispute resolution, respect for international law, and the protection of fundamental human rights.

Sardar Shoaib Irshad, General Secretary KAWA said that global Kashmiri diaspora reiterated its commitment to constructive engagement with UN mechanisms, policymakers, and civil society actors to advance peaceful, lawful, and inclusive approaches toward a just resolution of the dispute.

Sardar Sawar Khan, former Member of Azad Kashmir Legislative Council said that It is in the interest of world peace that India and Pakistan need to resolve the Kashmir dispute to the satisfaction of the people of Jammu and Kashmir. The final and durable settlement of the Kashmir dispute will undoubtedly guarantee peace and stability in the region of South Asia. It will also have a great impact on the international peace and security.

Syed Raza Hassan, long time human right activist said that justice, dialogue, and respect for international law remain essential for sustainable peace and social development in South Asia. He added that Kashmir is not forgotten. We will not let it be forgotten.

Naseem Gilgaty, leader of Americans of Gilgat heritage said that the digital campaign underscored a central truth: the unresolved Kashmir dispute remains a serious threat to international peace and security, and justice for Kashmir is inseparable from peace in South Asia and beyond. Naseem Gilgati added that the United States should use its moral authority to urge both India and Pakistan to initiate a peace process along with the Kashmiri leadership.

Sardar Zubair Khan, Director of Finance, KAWA said that we must educate the American policy makers about the ground realities in Kashmir. We need to seek the understanding of our congressmen to help resolve the dispute according to the wishes and aspirations of the people of Kashmir.

Raja Liaqat Kiyani, President Kashmir House, Washington said that the atrocities are being committed by Indian army on the civilian population day in and day out. The Kashmiri diaspora has a responsibility to internationalize the Kashmir conflict.

*World Kashmir Awareness Forum. Kashmirawareness.org*
*can be reached at: WhatsApp: 1-202-607-6435 / gnfai2003@yahoo.com*

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

*इतिहासका राजनीतिक घटनाक्रम..*

नेहरूको स्वभावका विषयमा भारतीय समाजवादी नेता तथा पत्रकार भोला चटर्जीलाई बीपीले दिएको अन्तर्वार्तामा पनि भनेका छन्, 'म दुईवटा कारणले जवाहरलालजीप्रति कृतज्ञ छु । एउटा कारण निश्चय पनि व्यक्तिगत । मैले भोक हडताल (राणाहरूको जेल) गरेका बेला उहाँले दुईपटक मेरो ज्यान बचाउनुभयो । उहाँसँग मेरो नीतिगत असहमति भएपनि ।'

बीपी प्रधानमन्त्री भएपछि भारत भ्रमणमा जाँदा नेहरूले भव्य स्वागत गरेका थिए । यस विषयमा बीपीले लेखेका छन्, 'श्रीमती पनि साथै थिइन् । मेरी कान्छी छोरी त्यस बेला सानै थिई । त्यसैले ऊ पनि हामीसँग गएकी थिई । विमानस्थलमा स्वागत कार्यक्रम हुँदा हाम्री छोरीलाई इन्दिराजीले लानुभयो । उहाँहरूले मलाई विदेशी पाहुना वा सरकारी पाहुनाको व्यवहार होइन, परविारकि पाहुनाको व्यवहार गर्नुभयो ।'

बीपी र नेहरूको बढ्दो हिमचिमलाई लिएर समाजवादी नेता लोहियाले धेरैपटक असन्तोष व्यक्त गरेका थिए । लोहिया भारतीय राजनीतिका बौद्धिक नेता त थिए नै, भारतीय संसद्भित्र उनले गरेको एउटा सशक्त भाषण 'तीन आनाविरूद्ध १५ आना'को सधैं चर्चा हुने गरेको छ । सन् १९६३ मा लोहिया फररूखावाद उपचुनाव जितेर लोकसभा पुगे । त्यस बेला प्रधानमन्त्री नेहरूले आफ्ना देशका जनताले प्रतिदिन १५ आना कमाउने दाबी गरे । तर, लोहियाले प्रधानमन्त्रीको दावीलाई झूटको संज्ञा दिँदै भारतीय जनता तीन आनामा बाँचिरहेको बताएका थिए । यसका लागि उनले सर्वेक्षण गराउन माग गर्दै नेहरूलाई लोकसभाभित्रै चुनौती दिए, 'तपाईंले भनेको कुरा साबित भयो भने म संसद् सदस्यबाट राजीनामा दिनेछु । मेरो दाबी साबित भयो भने के तपाईं राजीनामा गर्नुहुन्छ ?' अहिले पनि भारतमा भन्ने गरन्छ कि हृदयघातका कारण नेहरूको निधन हुनुमा लोहियाको आगो ओकल्ने भाषण जिम्मेवार छ ।

भारतमै बेजोड छवि

बीपी स्कुले जीवनदेखि नै भारतको स्वतन्त्रता संग्राममा होमिएका थिए । कांग्रेसका अर्का नेता, बीपीको परिवारसँग निकटस्थ, प्रधानमन्त्री सुशील कोइरालाका भाइ अशोक कोइराला आमा दिव्याले सुनाएको कहानी बताउँछन्, 'बीपी नौ वर्षको हुँदा आतंककारी समूहमा लाग्नुभएछ । जसको नाम थियो, बाँदर सेना । यसै समूहले बैंक लुट्यो । त्यतिबेला उहाँ पनि पक्राउ पर्नुभयो । तर, फुच्चे भएका कारण जिल्ला म्याजिस्ट्रेटले उहाँ पनि यस्तो कार्यमा संलग्न हुनुहुन्छ भनेर पत्याउँदै पत्याएन । तुरून्तै रिहा गरिदिएछ ।' अशोकका भनाइमा बीपी यसपछि कम्युनिस्ट विचारधारातर्फ आकर्षित भए । बीएचयूमा अध्ययनरत रहदा उनले देवकान्त बरूवा, महावीरप्रसाद सिन्हा, देवेन्द्रप्रसाद सिंह र राजेश्वर रावजस्ता साथीसँग मिलेर विद्यार्थी संगठन नै खोलिसकेका थिए । त्यतिबेला उनी संगठन सचिव थिए, पछि अध्यक्ष भए ।

यसै क्रममा सन् १९२८ मा कम्युनिस्ट इन्टरनेसनलको छैटौं अधिवेशनले सबै राष्ट्रवादी र लोकतान्त्रिक समाजवादीलाई 'सोसल फासिस्ट' भन्यो । जयप्रकाश नारायण पनि पहिले कम्युनिस्ट दर्शनबाट प्रभावित थिए । तर, उनलाई छैटौं अधिवेशनले पारति गरेको प्रस्ताव मन परेन । यसमा पनि सोभियत संघमा स्टालिनले आफ्ना विरोधीविरूद्ध चलाएको नरसंहारपछि लगभग कम्युनिस्ट पार्टीबाटै जेपीको मोहभंग भयो । यद्यपि, मार्क्सवादी चिन्तनको आकर्षण छँदै थियो उनमा ।

# बीपीको मुद्दा लड्न भारतीय वकिल



त्यसैले देशभरी घुम्दै हिँडे । यसै क्रममा उनको बीएचयूमा भेट भयो, बीपीसँग । बीपी पनि स्टालिनको नरसंहारबाट स्तब्ध थिए । उनी ट्राटस्कीतर्फ ढल्किसकेका थिए । पछि बिस्तारै महात्मा गान्धीतर्फ आकर्षित भए । सन् १९३३ मा आचार्य नरेन्द्र देवको अध्यक्षतामा कांग्रेस समाजवादी पार्टी गठन भएपछि उनी त्यसका सकृय सदस्य बन्न पुगे । यसै क्रममा उनी भारतका चर्चित समाजवादी नेताहरू नरेन्द्र देव, जेपी, लोहिया, मीनु मसानी, अच्युत पटवर्द्धन, एनजी गोरे, अशोक मेहतासँग वैचारिक मन्थनमा भाग लिन्थे । उनी विहारदेखि महाराष्ट्रसम्म स्वतन्त्रता आन्दोलनमा खटिएका थिए ।

सन्१९४२ मा दुई वर्ष जेल परेपछि त उनको ख्याति भारतमै चुलिएको थियो । त्यतिबेला महात्मा गान्धीलाई आन्दोलनका हरेक रिपोर्ट थाहा हुन्थ्यो । त्यसैले उनी बीपीबाट पनि निकै प्रभावित थिए । 'भारत स्वतन्त्र हुनुअघि नै बीपीको ख्याति यहाँ चुलिसकेको थियो । समाजवादीहरू उहाँको बौद्धिकताबाट प्रभावित त थिए नै, गान्धी र नेहरू पनि आकर्ष्ति थिए,' बनारसका वरिष्ट वकिल विनोद सिंह भन्छन् । विनोद भारतका अर्का समाजवादी नेता सागरप्रसाद सिंहका भतिजा हुन् । ०३३ सालमा बीपी मेलमिलापको नीति लिएर फर्किंदा नेपालमा उनीविरूद्ध राजद्रोहसम्बन्धी सातवटा मुद्दा थिए । बीपीको पक्षमा त्यो मुद्दा लड्न मुम्बईका पूर्वन्यायाधीश बीएन तारकुण्डेसँगै नेपाल आएको वकिल टोलीमा सागर पनि थिए ।

नेपालका गान्धी: भारतमै राजनीति गर्ने ठूलो अवसर थियो, बीपीलाई । तर, भारतको स्वतन्त्रता संग्रामको लडाइँ लड्दा पनि उनको दिमागमा थियो, नेपाल नै । पहिलोपटक गान्धीलाई भेट्दा बीपी १५ वर्षका मात्रै थिए । लोहियाले सन् १९२९ मा बीपीलाई गान्धीसँग भेटाइदिएका थिए । त्यतिबेला गान्धीको प्रश्न थियो, 'कसको प्रेरणँले राजनीतिमा लाग्यौ ?' त्यतिबेला बीपीले गान्धीलाई भनेको कुरा आमाको मुखबाट सुनेको भन्दै अशोक भन्छन्, 'पिताजी (कृष्णप्रसाद)को प्रेरणाले । म तीन वर्षको हुँदा पिताजी नेपाल छाडेर आउनुभयो । उहाँका कारण हाम्रो परविारका सबै सदस्यलाई पक्राउ आदेश छ । हाम्रो सबै सम्पत्ति रोक्का छ । हामी १२ वर्षदेखि भारतमा निर्वासनको जीवन बिताइरहेका छौं ।'

विनोद सिंह बीपीलाई नेपालका गान्धी भन्न रूचाउँछन् । उनका अनुसार भारतलाई स्वतन्त्रता दिलाउन गान्धीको भूमिकाजस्तो रह्यो । नेपालमा प्रजातन्त्रको बीजारोपण गर्ने योगदान बीपीको थियो । तर, गान्धीले हतियार उठाएनन् । बीपीले भने दुईपटक सशस्त्र आन्दोलनको आह्वान गर्नुपर्यो । यसलाई बीएचयूका प्राध्यापक मल्लिक यसरी अर्थ्याउँछन्, 'जुन देशको जग नै सामन्ती सोचमा उभिएको छ, जहाँ एउटा व्यक्ति (राजा)लाई भगवानको अवतार मानेर ८० प्रतिशत जनताले पूजा गर्छन्, त्यसमा पनि पढेलेखेका व्यक्तिहरू राजाकै झोलीमा छन् । यस्तो ठाउँमा जनताको बाँच्न र बोल्न पाउने मौलिक अधिकारसहितको प्रजातन्त्र स्थापित गर्छु भन्नु आफैंमा आत्मघाती निर्णय थियो । त्यो जोखिम बीपीले उठाएकै हुन् । यो पृष्ठभूमिमा गान्धीले नेपालमा अहिंसात्मक आन्दोलन गरेका भए, सायद मारिन्थे होला ।'

मूलत: बीपी गान्धीवादी थिए । तर, उनले हतियार पनि उठाए । त्यसलाई रणनीतिक मान्छन्, मल्लिक । भन्छन्, बीपीले देशलाई राम्रोसँग बुझेका थिए । यस कुरामा लोहिया र जेपीभन्दा नितान्त भिन्न देखिन्छन्, बीपी ।

बीपीको एउटै लक्ष्य थियो, नेपाली जनतालाई उसको वैयक्तिक अधिकार दिलाउने । राणाकालमा उनी दुईपटक जेल परे । ००३ सालमा जेल पर्दा उनलाई छुटाउन महात्मा गान्धीले नै हस्तक्षेप गर्नुपर्यो भने ००५ सालमा नेहरूले । ६८ वर्षे जीवनकालमा बीपीले नेपालमा १० वर्ष मात्र स्वतन्त्र रूपमा राजनीति गर्न पाए । ००७ सालअघि उनको परै परविार भारतमा निर्वासित थियो । ००७ देखि ०१७ सालसम्म मात्र उनले स्वतन्त्र रूपमा नेपालमा राजनीतिक गतिविधि गर्न पाए ।

जनताले दिएको मतको अपमान गर्दै राजा महेन्द्रले बीपीको सरकारलाई १८ महिनामै अपदस्थ गरे । जसका कारण उनले आठ वर्ष सुन्दरीजल जेलमा बन्दी जीवन बिताउनुपर्यो । ०२५ सालपछि उनी फेरी भारत निर्वासित भए । ०३३ सालमा मेलमिलापको नीति लिएर फर्किंदा पनि दुई वर्ष महाराजगन्ज स्थित प्रहरी तालिम केन्द्रमा थुनामा परे । ०३६ सालमा जनमतसंग्रहको घोषणापछिका तीन वर्ष प्रजातान्त्रिक मँल्य-मान्यता स्थापित गराउने अभियानमा सकृय थिए । तर, घाँटीको क्यान्सरका कारण ६ साउन ०३९ मा काठमाडौंमा उनको निधन भयो । बीपीको व्यक्तित्व र विचारधाराबाट डराएको दरबारले ००७ देखि ०४६ सालसम्म नेपालमा १० जना प्रधानमन्त्रीको प्रयोग गर्यो, जसमा १९ पटक त प्रधानमन्त्री फेरबदल नै गर्नुपर्यो । त्यतिले नपुगेर त्रिभुवन र महेन्द्रले तीनपटक शासनसत्ता आफ्नो हातमा लिए ।

कोलकाताको चर्चित मार्बल हाउसका मालिक विद्यासागर गुप्त, जसका दाजु बीपीसँग निकट थिए, बीपीलाई विचारमा अडिग, स्पष्ट नेता भन्न रूचाउँछन् । भन्छन्, 'उहाँले पदलाई कहिल्यै प्रधानता दिनुभएन । उहाँको दिमागमै राष्ट्रियता, प्रजातन्त्र र समाजवाद थियो । उहाँले आफ्ना यी विचारसँग सम्झौता गर्नुभएको भए, नेपालको इतिहासमा त्यति धेरै प्रधानमन्त्री हुँदैनथे ।' यस्तै प्राध्यापक मल्लिकको विश्लषणमा ०१७ सालमा राजा महेन्द्रले बीपीलाई अपदस्थ गर्नुमा समाजवादी कार्यक्रम लागू गर्न बीपी क्रियाशील हुनु हो । यसमा पनि मुख्य त क्रान्तिकारी भँमि सुधार राजा महेन्द्रको छटपटी थियो । 'जुन दिन बीपीले आफूहरूले प्रतिपादन गरेको वैज्ञानिक भूमिसुधार लागँ गर्दै हुनुहुन्थ्यो । त्यही दिन कू भयो । यो लागू भएको भए नेपालको दुई सय वर्ष लामो सामन्ती संरचना भत्किन्थ्यो । त्यसैले बीपीविरूद्ध राजा र सामन्तवादी शक्ति पहिल्यै एकजुट भइसकेका थिए,' उनी भन्छन् ।

# जेनजी आन्दोलनको रहस्य र परिणाम



सुरेशकुमार पाण्डे

कालो बादलले छोपेको सूर्यको किरण सुस्तरी चलेको बतासले पनि विस्तारै हटाउँदै जान्छ । अहिले हिजो जेन्जी आन्दोलनमा घुसेर आफ्नो राजनीति स्वार्थ पुरागर्न खोजेका केही झुण्डहरूको अबस्था विस्तारै प्रष्ट हुँदै आएको छ । उनीहरू जनतामा जसरी स्थापित भएका थिए, उस्तै गरि नांगिने पनि छन् ।

गलत गरेपछि परिणाम गलत आउँछ । ३७ वर्षदेखि सत्ता र शक्तिमा किर्ना टाँस्सिएझैं टाँस्सिएकाहरूले राम्रो गरिदिएका भए भदौ २३ आउने नै थिएन । भदौ २३ मा १९ बालबालिका राज्यसत्ताको निरंकूशताले नमारेको भए भदौ २४ पनि आउने थिएन । भदौ २४ मा ७६ जना मारिएपछि ३७ वर्षको राजनीतिक बादशाहहरूको सत्ता र शक्ति बालुवाको महल ढलेझैं ढलेको हो ।

भनिन्छ, जैसी करनी, ओइसी भरनी । जनताको भरोसा नतोडी दिएको भए न राजतन्त्र जिन्दावादको नारा लाग्थ्यो, न परिवर्तनको खोजी हुन्थ्यो । न जनताको असन्तुष्टि संवोधन गरिदिएको भए न भदौ २३, २४ आउँथ्यो, न फागुन २१ को चुनाव नै हुन्थ्यो । २०३६ को जागरूकता, २०४६ को बहुदल, जनयुद्ध र २०६५ को परिवर्तनसमेत धुलिसात हुनपुग्यो । संविधान खोस्टो भइसक्दा पनि स्थापित ठूला दल र नेताहरूले यी सब घटनाक्रमको जिम्मेवारी लिने साहस र नैतिक दायित्व नलिनु राजनीतिमा हुर्किएको नैतिकहीनता नै हो ।

हो, जेनजी आन्दोलनको नाममा घूसपैठ भएकै हो । यसको कारक पनि ठूला दल नै हुन् । जेनजी आन्दोलन हुन्छ भन्ने भनकसम्म नपाउने सुरक्षा निकाय, राजनीति कस्तो हो ? किन राज्यकोष खुवाएर यिनलाई साँढे पालेजसरी पालेको होला ? अब पनि नचेत्ने ?

यो प्रकृतिको नियम हो सही विचारलाई गलत विचारले सधैं छोपिरहन सक्दैन । एउटा झुट लुकाउन सयौं हजारौं झुटको सहयोग लिइन्छ तर पनि परिणाम नकारत्मक नै आउँछ । जेन्जी आन्दोलनलाई कुन मौका परस्तले घुसपैठ गरेर निर्दोष भाइ बहिनाको हत्या गरायो, अन्धो सरकारले हत्या गर्न अग्रसर भयो ? खोजबिन गर्ने प्रयत्न गरिरहेका छन् । यो भूलबाट अनेक दुस्परिणाम आउन सक्छ । नयाँ पुस्ता धेरै नै जागरूक बनेका छन् । रास्वपाको लहर देखियो र धेरै ठाउँमा रास्वपाका उमेदवारलाई नयाँ पुस्ताले प्रश्न उठाउन थालेका छन् र जवाफ दिन नसकेर भागेका पनि छन् । रास्वपाकै आफूलाई दलितको हितमा आवाज उठाएर परिचित भएका खगेन्द्र सुनारको पटक पटक जीभ्रो चिप्लिंदा सङ्कटमा परेका छन् । घन्टी पार्टीका आफूलाई बुद्धिजीवि भन्नेहरू आफै विवेकहीन बनेको पनि देखियो ।

एमाले, कांग्रेस र नेकपाका केही नेताहरू पनि बिबादित र द्वन्द्व बढाउने खालका अभिव्यक्तिमा मुछिएका छन् । कतिपय पार्टीका नेताहरू कोही अमेरिकापरस्त, भारत, चीनपरस्त आरोपमा पनि आरोपित छन् । दुर्गा प्रसाईले चुनावै हुन दिन्न भनेका कारण फेरि पनि पक्राउ परिसकेका छन् । खासगरी भारतपरस्त अभिव्यक्ति कांग्रेसका उमेदवारहरूले दिएका कारण बिबादित भएका छन् । आन्तरिक चुनावमा राष्ट्रियता कमजोर पार्ने, धार्मिक द्वन्द्व बढाउने, महिला अस्मिता कमजोर पार्ने खालका कामकुराहरू किन नेताहरू गर्छन्, त्यो बुझिनसक्नु छ । यस्ता नेताहरूलाई जनताले चिन्न जरूरी छ, विचार गर्न जरूरी छ । यस्ता विवादित छबि भएका नेताहरूलाई जिताएर सुशासनको आश गर्नु भनेको आत्माघाती बिषय हो । बालेन देशको होइन, मधेशको छोरो भनेर बिहारबाट आएका आयातित मधेशीहरूको समर्थन् जुटाउन खोजेको देखिन्छ । गगनले हिमाल, पहाड, तराई जोड्ने कुरा गर्न सकेको देखिएन ।

रवी लामिछानेले सहकारीको रकम हिनामिन्हाको आरोपबाट मुक्ती पाएका छैनन् । उनीमाथि अनेक आरोप र काण्डका कलंक रहेका छन् ।

नयाँ भनिएका नेताहरू बारबरा फाउण्डेसनदेखि अनेक विदेशी संस्थामा जोडिएका कडीहरू देखिन्छन् भने ३७ वर्षदेखि गजधम्म सत्ता र शक्तिमा बसेका राजनैतिक पार्टीका नेताहरू भ्रष्टाचार र नेपोटिजममा बदनाम छन् । बालेन र रवि लामिछानेको लहरले पुराना दलहरूलाई त्रसित बनाएको छ । कांग्रेस, एमाले, नेकपाले नयाँ नयाँ अनुहारलाई मौका दिएका छन् । पुराना दर्जनौं राजनीतिबाट किनारा लाग्न थालेका छन् भने खासगरी प्रचण्ड र ओलीले राजनीतिबाट अलग नहुनुलाई राम्रो मानिएको छैन । किनकि परिवर्तन समयले ल्याउने हो, जनताले परिवर्तन खोजेका छन् ।

खगेन्द्र सुनार, सोविता गौतम, स्वर्णिम वाग्ले जस्ता उमेदवारहरू धार्मिक, लैङ्गिक, सावैभामिकतालाई बिबादित बनाउने काम गरिरहेका छन् । राम्रो के हुन्छ, चाहिएको के हो, आफ्नो सिद्धान्त, नीति, कार्यक्रम के हो ? यसविषयलाई प्रष्ट पारेर जनतासँग भोट माग्नुपर्नेमा समाजलाई नै धमिल्याउने कम अहिलेदेखि नै सुरू हुनु भनेको यिनको राजनीतिले समाज परिवर्तन गर्न सक्दैन भन्ने अहिले नै देखिन थालेको होइन र ?


चुनाव राष्ट्रको लागि हुनलागेको हो । राष्ट्रलाई कसरी अघि बढाउने, जनताले खोजेको परिवर्तन नेताका कार्यक्रममा हेर्न चाहेका छन् । सुशासन कसरी ल्याउने, भ्रष्टाचारको न्यूनिकरण र समानता तथा दण्ड पुरस्कारको व्यवस्था के गर्ने हो ? कुनै पनि पार्टी वा उमेदवारले प्रष्ट पारेका छैनन् ।

अहिलेसम्म यिनै नयाँ पुराना पार्टीले देशलाई लुटे, खरानी पारे, विदेशीहरू खुसी पार्ने सेवा गर्दै आए, अब पनि त्यसै गर्ने हो ?

जनताको अमूल्य मत माग्ने साँचो तरिका किन देखिएन ? बहुजातीय र बहुभाषिक बहुधार्मिकताको विविधतामा एकता ल्याउने र यो एकतालाई देश निर्माणमा लगाउने खाका किन सार्वजनिक हुनसकिरहेको छैन ?

विभेद छ, निषेध छ, दण्डहीनता छ, मानवाधिकार सुरक्षित छैन, परिवारवाद छ, विधिको शासन छैन । बाहुबलीतन्त्र हावी छ । यो कसरी कम गराउने ? समाज सुधारको कुनै योजना नआउनु चुनावप्रति जनतामा रहेको बितृष्णा झन बढ्नसक्ने देखिन्छ । सबै प्रकारका बिकृतिबाट मुक्ति नेपालको वर्तमान आवश्यकता हो । यो आवश्यकता कुन खालका उमेदवारले चुनाव जिते भने सम्भव छ ? यसको चेत जनतामा आउनुपर्छ, जनतालाई यही प्रकारले जागरूक पार्नुपर्छ ।

एउटा नेता भनेको कुनै राजनीतिक सिद्धान्तमा बाँधिएको देश र जनताको हितमा बोल्नसक्ने क्षमता भएको ब्यक्ति हुनुपर्छ । मात्र बिरोधको लागि बिरोध गर्ने छाडा र अनुसाशनहीन ब्यक्तिहरूले राजनीति धमिल्याए, धमिल्याउने छन् । लोभ, लालच, भय त्रासमा पारेर कुनै नेताले चुनाव जिते भने फेरि पनि पुरानै खालका समस्या दोहोरिनेछन् । तसर्थ आकासतिर फर्केर थुक्नेहरूको थुक आफ्नै मुखमा पर्छ भन्ने सबैले बुझौं । जुनसुकै पार्टीको राजनीति गरेपनि राजनीतिक संस्कार र सभ्यता, जनताप्रतिको इमानदारीपूर्ण दायित्व परिवर्तनको मुख्य तत्व हुनुपर्छ । धेरै पतन भइसक्यौं, अब यो पतनबाट उत्रनुपर्छ ।






राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ माघ २७, Feb. 10, 2026





## अन्तिम पातो - शाश्वत शर्मा

# संचालकले चुनाव रोक्लान् ?

एमाले र कांग्रेसको मनसुवा फागुन २१ मा चुनाव नहोस्, संसद पुनर्स्थापना होस् भन्ने नै हो । यसकारण यिनले संसद पुनर्स्थापनामा जोड दिएका छन् तर अदालतले संसद र कांग्रेसी विवादको विषयमा जतिसुकै दबाव दिए पनि फागुन २१ अघि निर्णय नगर्ने सम्भाबना प्रवल छ । सरकार र निर्वाचन आयोगको तैयारी करीव करीव पूरा भइसकेकाले प्रधानन्यायाधीश र न्यायाधीशहरू यी मुद्दाको विषयमा आदेश सुनाएर झमेलामा पर्न चाहेका छैनन् । हुन त यो नेपाल हो, यहाँ जसको पलडा भारी भयो, जे पनि हुनसक्छ । यसकारण चुनाव हुन्छ र हुन्न भन्ने विषयमा संशय झन झन बाक्लिएर जाँदो छ ।


अहिलेको लहर हेर्दा रास्वपाले खर्लप्पै चुनाव जित्ने देखिन्छ । तर कांग्रेस, एमाले र रास्वपालाई उचाल्ने र पछार्ने तत्व जुन बलबती बन्छ, उसैले निर्णय गर्ने प्रवल सम्भाबना छ भन्छन्, विदेशी ताकत देख्नेहरू । अर्कोतिर राजसंस्था पुनर्स्थापना गरेर मात्र राजनीतिक विवादको अन्त्य र स्थिरता हुनेछ भन्नेहरू पनि ससाना आन्दोलन गरिनै रहेका छन् । दुर्गा प्रसाई पक्राउ पर्ने, छाडिने र उनले फागुन १ गते देखि नै जबरजस्त आन्दोलन गरेर निर्वाचन हुन नदिने दावी गरिनै रहेका छन् । भनिदैछ, मतपत्र, मतदाता सूची छापिसके पनि र ८० हजार सेनासमेत सुरक्षामा खटाए पनि निर्वाचन हुन नसक्ने दावी गर्नेहरूको पनि कमी छैन । कसले रोक्छ चुनाव ? यसबारेमा भने पुख्ता प्रमाणित कारण कतै पनि देखिदैन । राजनीतिक मुद्दाको समाधान र शान्ति तथा स्थिरताका लागि प्रम सुशीला कार्की मन्त्रिमण्डलभित्र र राजसंस्थावादीहरूसँग तारन्तार भेटवार्ता गरिरहेकी छिन् । यहीकारण देशको वातावरण चुनावमय बन्न नसकेको विश्लेषण पनि भइरहेको छ ।

यसैवीच चुनाव रोक्न चाहने तत्वहरू जातीय, धार्मिक द्वन्द्व झिक्ने अभिव्यक्ति दिएको पनि देखिन्छ । सरकारवादी, रवि र वालेनको पक्ष बाहेकका चुनावी प्रत्यासीहरू गाउ गाउँ पस्न भय छ । अझ एमालेका अध्यक्ष ओली र एमालेका प्रत्यासीहरू रास्वपालाई बिजयी बनाउन सरकार नै लागेको आरोप लगाइरहेका छन् । यसैवीच नेपालको ड्रागन मिडिया र चीन अध्ययन केन्द्रबाट छद्म नामधारी एक चिनियाँले नेपाल सरकारलाई डरलाग्दो चेतावनी दिएका छन् । हुन त यो स्पष्ट चीन सरकारको धारणा भनेर नबुझे पनि त्यसमा उल्लेख गरिएका विचार रभाषा अनि निर्देशनले अब नेपालमा चुनाव होइन, भूराजनीतिक द्वन्द्वको उठान पो हुन्छ भन्ने धेरै छन् । नेपालमा कार्यरत पश्चिमा आइएनजीओ बन्द गर्नुपर्ने त्यस आलेखमा उल्लेख छ । यसले प्रष्ट रूपमा एमाले, कांग्रेस, माओवादी समर्थित त्यस्ता संस्थाहरू पश्चिमा भनेर बुझ्न सकिन्छ भन्नेहरू प्रशस्तै छन् । नेपाल चीन मामिलामा अब सच्चिनुपर्छ नत्र भने परिणाम भोग्न तैयार हुनुपर्छ भन्ने ड्रागन मिडिया र नेपाल चीन अध्ययन केन्द्रको छ । स्रोतका अनुसार ७ दिने अल्टिमेटम दिइएको नेपाललाई उक्त आलेखले तत्काल केही असर नपरे पनि भविष्यमा चर्को विवादमा फस्ने देखिन्छ । यो चेतावनी हालै दिल्लीबाट प्रवचन दिन दिल्लीबाट नेपाल आएका रिम्पोछेलाई दिइएको स्वागत र महत्वको विरूद्ध मानिएको छ । नेपालको एक चीन नीतिविरूद्धको घटना र रिम्पोछे नेपाल आउनुलाई पश्चिमा समर्थित उमेदवार जिताउने साजिसका रूपमा मानेर यस्तो चर्को आलेख आएको हुनसक्ने एकथरिको विश्लेषण छ । निष्कर्षमा भन्नुपर्दा यस्तो आलेख आउनु निश्चय नै साधारण विषय होइन । आगामी निर्वाचनलाई यो आलेखले प्रभाव पार्नेमा दुईमत छैन । एक अध्ययनले धेरै चीन विरोधीहरू चुनाव जित्ने अनुमानले पनि यो आलेख आएको हुनसक्छ । यसैवीच नेपालका लागि चीनका नयाँ राजदूत चुनाव अघि नै आउँदैछन् । यो पनि अर्थपूर्ण छ ।

यसकारण पनि फागुन २१ को चुनाव प्रश्नचिन्हमा छ । हुन त हरेक पार्टी चुनावमा सहभागी भएका छन् । केही हिमाली क्षेत्रमा अति हिमपात भयो भने के गर्ने भन्ने बाहेक अन्य क्षेत्रमा चुनाव हुनसक्ने देखिन्छ । खाली भूराजनीतिक खेलले आकार लियो भने चुनाव नहुने, चुनाव सर्नसक्ने, सरकार नै बदलिन पनि सक्ने अनेक अनुमानहरू तीब्र भएका छन् । यति भए पनि राजनीतिक मुद्दाहरूको किनारा लगाउन सबै राजनीतिक शक्तिहरूवीच संवाद, सहमति र सहकार्यका साथ अगाडि बढ्नसके संकट बन्दै गएको राष्ट्रिय अवस्था स्थिरता र शान्तितिर लाग्नसक्नेछ । यसका लागि प्रत्येक राजनीतिक दलहरूमा विवेकपूर्ण सोच विकास हुनुपर्नेछ ।

# चुनावमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक






चुनावमा पहिचानका लागि लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय पनि सहभागी भएका छन् । फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई जनगणनाका रूपमा लिएको यो समुदायको कथन छ ।

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका अभियन्ता तथा संविधानसभा सदस्य सुनिल बाबु पन्तले भनेका छन्- हामी पनि शक्ति देखाउने छौं । पन्त २०६४ सालको ऐतिहासिक संविधानसभामा निर्वाचित भएर संसद् पुगेका थिए । दोस्रो पटक संसदमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक प्रतिनिधि पुऱ्याउने अभियानमा पन्त स्वयं अग्रसर देखिएका छन् ।

तेस्रोलिंगी अधिकारकर्मी नुमा लिम्बु (चञ्चला) नेतृत्वको समावेशी समाजवादी पार्टीको यो चुनावी अभियानमा पन्तको प्रत्यक्ष साथ, नैतिक समर्थन र सक्रिय सहयोग रहेको देखिन्छ । पन्तले भनेका छन्- पन्तले आग्रह र पूर्वाग्रह सबै एक ठाउँमा राखेर समावेशी समाजवादी पार्टीलाई गोप्य मतदान गर्नुहोला । अहिलेसम्म जनगणना नभएको उल्लेख गर्दै उनले चुनावका माध्यमबाट जनगणना पनि हुनेछ । हामी कति छौं त सङ्ख्यामा भन्ने प्रष्टता पनि आउनेछ ।

अहिलेसम्म लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय खुल्न सकेका छैनन् । यो चुनावका माध्यमबाट यो समुदायले पाउने मतले यिनको संख्या करीव करीव यकिन हुनसक्नेछ । समावेशी समाजवादी पार्टीमार्फत यो समुदाय खुल्ने उपस्थिति देखाउन सक्नेछ । यो पार्टीको पक्षमा कति भोट झऱ्यो भन्नेमा सबैको आँखा लाग्ने पक्का छ । यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकले हामी पनि नागरिक हौं भन्ने अवसर हो यो ।

# फागुन २१ मा रत्नाकर र बाल्मिकी छुट्टिने छन् - डा.विनिता

दूध र पानी रजहाँसले छुट्याउन सक्छ । नेता र गुण्डा छुट्याउने जनता रजहाँस बनेर हो । यो अवसर भनेको जनमत दिने जनताको हातमा छ ।

अनुभवीहरू भन्छन्- माहुरी पालकले माहुरीको बित्तपाते अबस्था र त्यसको पहिचान गर्छ । माहुरीको यो अवस्था जान्न सकेन भने माहुरीको घार नै नष्ट भएर जान्छ । यसै गरी कुनै मुलुकमा पनि नेतागणहरूमा यो बित्तपाते अवस्था आउँछ, यस अवस्थामा मुलुक नै नष्ट हुने खतरा हुनसक्छ । यहि कुरालाई महाभारतको शान्ति पर्वमा भिष्म पितामह युधिष्टिरलाई यसरी बताएका छन्- व्यक्तिले प्रथमत राजा चुनोस्, त्यस पछि भार्या (परिवार) अनि परिवार पाल्न धन कमाओस् । यदी राजा नै सही भएन भने न भार्या रहन्छ न धन । सबै कुरा अरूले नै लुटेर लान्छन् ।

समय नाघेको लार्भा छ भने शाही खुराक खुवाएर रानो बनाएपछि माहुरीको चाका सुरू हुनसक्छ । राना बनाउन सकिएन भने हरेक माहुरीले खाना त खान्छ तर चाका बनाउन सक्दैन ।

हो नेपाली राजनीतिमा यतिबेला रानो छैन । रानो बनाउने प्रकृया पनि सुरू भएको छैन । रानो नभएपछि माहुरी नासिएझैं राजनीति नासवान बन्छ । पार्टी र नेताहरू सत्ता र शक्तिका वरिपरि घुमिरहेका छन्, जसका कारण जनता अन्यायमा परेका छन्, राष्ट्र दिनदिनै कमजोर बन्दै जाँदो छ ।

रानो नभएको घारमा अब्यबस्था फैलन्छ, सबैले आफैलाई रानो सम्झनाले आपसी द्वन्द चल्छ । रस बटुल्न कोही बाहिर निक्लदैन, घारमा खानाको कमी हुन्छ, झगडा गर्छन् । यो अबस्थालाई बित्तपाते माहुरी भनिन्छ । त्यो घारको विनास अबश्यांभावी छ । यस्तो स्थितिमा माहुरी पालकले पहिले रानोको व्यवस्था गर्छ । बित्तपाते माहुरीको हुललाई घारबाट हटाउँछ । जो बितपाते नभएका माहुरी छन्, ती फैलन्छन्, रानोले अन्य माहुरीहरू बटुल्छ र फेरि घारमा मह जम्मा गर्न थाल्छन् ।

माहुरीको घारको बितपाते अवस्था र नेपालको राजनीतिक व्यवस्था उस्तै उस्तै देखिन्छ । जो अपराधी थिए, जो जनताले घृणा गरेका पात्र थिए, तिनीहरू कानुन बनाउने, कानुन खेलाउने, राज्यसत्ता चलाउने केन्द्र केन्द्रमा पुगे । धर्मलाई अफिम भन्नेहरू धर्म संस्कृतिका पालनहार बन्ने ढोङ गर्दैछन्, जो विदेशीको रिमोटबाट चल्ने छन्, तिनीहरू चर्का भाषण गर्दैछन्, जो समाज र नेपाली एकताका भँडुवा हुन्, तिनीहरू एकताको नाटक गरिरहेका छन् । जो बाल्मिकीको नाटक गरिरहेका थिए, बाल्मिकी बनेर परिवर्तनका संवाहक बने, तिनीहरू रत्नाकरभन्दा पृथक प्रमाणित हुन सकेनन् । रत्नाकरहरूको आतंक,




अराजकताबाट पीडित भएपछि असन्तुष्टि फैलियो र अर्को परिवर्तनको माग भयो ।

आधुनिक रत्नाकरहरू बाल्मिकीको मुखुण्डामात्र लगाउँछन् । देशले बाल्मिकी खोजेको छ, रत्नाकरहरू देशैभरि हावी भएका छन् । रत्नाकरका भजनेहरू आफूलाई बुद्धिजीवी, नागरिक अगुवा ठान्छन्, डाँकैतीका साझेदार बन्छन् । लोकतान्तिक गणतन्त्र उत्कृष्ण व्यवस्था ल्याइयो भनेर जसजसले झ्याली पिटेका थिए, गत भदौ २३ र २४ मा ती जनअसन्तुष्टिबाट पिटिए । अझै पनि दुर्दान्त काम गर्न उक्सेकै छन्, जुन अर्को गल्ती हो । जसले अपराधलाई प्रश्रय दियो, ती गणतन्त्रका बाहक हुँ भन्छन्, यस्तो राजनीतिले बढाउने अपराध नै हो ।

प्रजातन्त्रवादी, समाजवादी, सर्वहारा हुँ भन्नेहरूलाई जनताले बाल्मिकी भनेर विश्वास गरे । आज ती सबै बाल्मिकीहरू रत्नाकरभन्दा भिन्न देखिएनन् । नागरिक निकासी गरेर, राष्ट्रिय सम्पत्ति र सम्पदा दोहन गरेर, नेपोटिजम हुर्काएर जुन राजनीति चलाइरहेका छन्, ती सबै रत्नाकर नै हुन् । जनताले कुनै रत्नाकर स्वीकार छैन भनेर ल्याएका र पाएका नेताहरू फेरि पनि रत्नाकर नै सावित भए । परिवर्तन पटक पटक आयो, जनताका लागि कौवालाई बेल पाकेसरह सावित हुनपुग्यो । यसकारण देशले अर्को परिवर्तनको शंखघोष गरेको छ । परिवर्तन बिना अस्तित्व संकटमा छ ।

फागुन २१ गते जनाधिकारको परीक्षण हुनेछ । जनताले खोजेको परिवर्तन र चाहेको नेता कस्तो हो ? देखिने छ । १६५ क्षेत्रको चुनावमा ३ हजारभन्दा बढी उमेदवार छन् । यो भनेको दूध र पानी मिसिएजस्तै हो । जनताले रजहाँस बनेर अधिकाधिक दूध छुट्याउनु पर्ने छ । अर्थात् रत्नाकर र बाल्मिकी छुट्याउनु पर्नेछ र बाल्मिकीलाई प्रतिनिधि छान्नुपर्नेछ । यसपटक पनि जनताबाट चुक भयो भने लामो समय पछुताउनुपर्ने छ ।

लोकतान्त्रिक गणतन्त्र आएको २० वर्ष भइसक्यो । यो समय जनताले अन्याय सहनुपऱ्यो, सकस बेहोर्नुपऱ्यो । आफ्नो परिवारसँग साथै बस्न पाएनन्, जनताका ससाना नानीहरू राज्यको गोलीको सिकार हुनुपऱ्यो । जेनजी विद्रोहले फागुन २१ को मौका दिएको छ । नेपालका बित्तपाते भईसकेका नेताहरू यसलाई अग्रगमन, प्रगती, नयाँ नेपाल र यस्तै यस्तै आगिन्ती भ्रम फैलाइरहेका छन् । यो भ्रमलाई चिर्ने र दूध पानी छुट्याउने जिम्मा जनताको हो । आफ्नो देशको अस्तित्व संकटमा परिसकेको छ । यो अस्तित्व बचाउने कार्य जनताको जिम्मेवारी हो ।

## आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडाजस्ता छिटो जल्ने सामाग्री आगो हीटर नजिक नराखौं ।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं ।
- बाथरूममा गिजरको प्रयोग गर्दा भेन्टेलेसन खुला राखौं ।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो हीटरनजिक एक्लै नछाडौं ।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

